CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणागति शतकम्

नेपाली अनुवाद सहित

मूल लेखक
प्रा. मुकुन्दशरण उपाध्याय

अनुवादक
दीनदयाल रेग्मी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणागति-शतकम्

(लघु स्तवकाव्य नेपाली अनुवाद सहित)

प्रा.डा. श्री नवराज कट्टेलज्यू
सादर,
०७८।५।१८

मूल रचनाकार

मुकुन्दशरण उपाध्याय

नेपाली भाषानुवाद

दीनदयाल रेग्मी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणागति-शतकम्

(लघु स्तवकाव्य नेपाली अनुवाद सहित)

मूलरचनाकार : मुकुन्दशरण उपाध्याय
नेपाली भाषानुवाद : दीनदयाल रेग्मी
मूल संस्करण : वि.सं. २०१८ साल
प्रस्तुत संस्करण : वि.सं. २०७७ साल
डिजाइन : प्रमिला पोखेल
मूल्य : एक शय पचास रूपियाँ मात्र
ISBN : 978-9937-0-8494-9

Sharanagati Shatakam with Nepali

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभाशंसा

विद्वान् तथा सहृदयी साहित्यकार श्री दीनदयाल रेग्मी ले प्रायः एकान्तवास मा रहेको मेरो एस लघुकृति लाई नेपाली मा अनुवाद गरेर सार्वजनिक बनाइदिनु भएको मा वाहाँ प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछू । वृन्दावन मा लेखिएको र उहीं प्रकाशित यो लघु कृति आफ्ना काव्यशिक्षक तथा संस्कृत का महाकवि श्री वनमालिदास गुरु लाई देखाउँदा वाहाँ ले उत्साह थप्दै नेपाल को ऐतिहासिक महत्त्व बढ्ने कतिपय अज्ञात कुरा पनि सुनाउनु भएको र ती कुरा पनि राखेर काव्य लाई अझै सुन्दर बनाउन पाएको मा मँ श्रद्धेय गुरुदेव प्रति कृतज्ञ छू ।

आज नेपाली भाषा र साहित्य का साधक श्री रेग्मी जी ले एसलाई नेपाली मा रूपान्तरित गरेर कृति को महत्त्व बढाइदिनु भएको छ । श्री रेग्मी जी स्वयं एक सशक्त कवि पनि हुनाले र ईश्वरानुग्रह प्रति आस्थावान् हुनाले वाहाँ ले एसको मर्म बुझ्नु भएको छ । एस अनुवाद मा श्री रेग्मी जी ले विभिन्न समय मा भत्काइएको नेपाली भाषा को शुद्धता लाई पुनः कायम गराउने कृतिकार को प्रयास लाई सगाउने शैली को हिज्जे पनि अपनाउनु भएकाले एस कार्य बाट नेपाली भाषा को समेत ठूलो सेवा भएको छ ।

'शरणागति शतकम्' प्रथम वार छापिँदा नाम 'शतकम्' नै भए पनि त्यो केवल ८५ श्लोक मा सीमित थियो । पछि आचार्य मा पढ्दा गुरुजन बाट नेपालगौरव का कतिपय अरू पनि जानकारी पाएकाले तिनलाई समेटेर एसमा १७ श्लोक थपिएका छन् र शतकम् नाम सार्थक तुल्याइएको छ ।

प्राध्यापन र साहित्यसेवा दुवै मा प्रतिष्ठा कमाइसकेका प्रतिभा श्री रेग्मी जी सनातन प्रेस मार्फत् संस्कृत कृति हरू को नेपाली मा अनुवाद गर्न र प्रचार गर्न मा पनि उत्तिकै उत्सुक र सक्रिय हुनुहुन्छ । एस अवसर मा वाहाँ प्रति आभार व्यक्त गर्दै उद्देश्य को सफलता का लागि हार्दिक शुभकामना अर्पित गर्दछू, परमात्मा को कृपा बनिरहोस् । इत्यलम्,

–मुकुन्दशरण उपाध्याय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवादक को कलम बाट

'शरणागति शतकम्' श्रद्धेय कविवर श्री मुकुन्दशरण उपाध्याय द्वारा संस्कृत मा लेखिएको सुन्दर लघु काव्य हो । किशोर वय मा लेखिएको एस लघु काव्य मा कवि ले नेपाल भन्दा टाढा भारत को वृन्दावन मा बसेर नेपाल को जसरी स्मरण गर्नु भएको छ त्यो अत्यन्त मार्मिक र मननीय पनि छ ।

एस भन्दा अघि 'श्रीनिम्बार्क-चरितम्' खण्ड-काव्य र विविध फुटकर संस्कृत कविता मा भारत मा विशिष्ट रूपमा सम्मानित भइसकेका कवि श्री उपाध्याय लाई आफ्ना अध्यापक हरू ले उक्त खण्डकाव्य मा दिएको शुभाशंसा मा 'अल्पतमवयसा कविना' जस्ता अभिव्यक्ति दिए बाट रचनाकार अत्यन्त कलीलो उमेर मै संस्कृत-कवि का रूप मा उदाइसक्नु भएको देखिन्छ ।

२०१७ साल मा छापिएको श्रीउपाध्याय को 'वरदान' नामक एउटा नेपाली उपन्यास मा वाहाँ ले प्रचलित नेपाली व्याकरण मा मौलिक शैली स्थापित हुने गरी नामयोगी र विभक्ति लाई तथा अवस्था हेरी समस्त शब्द हरू लाई पनि पृथक् लेख्ने र व्याकरण बाट भ्रमवश मिल्काइएका मौलिक नेपाली सर्वनाम (इनले, एसले, तेसले आदि) लाई पुनः स्थापित गर्ने विशिष्ट परम्परा शुरू गर्नु भएको थियो । नेपाली मा विसं. २०१८ मा वाहाँ को महेन्द्रालंकार (काव्यशास्त्र) पनि छापिएको थियो, जसलाई तत्कालीन वाराणसेय संस्कृत विश्वविद्यालय ले पाठ्यसन्दर्भ मा नै स्थान दिएर सम्मानित गरेको थियो । एसको लगत्तै नवयुवा कवि श्री उपाध्याय ले दिव्य प्राकृतिक छटा पाएर पनि उपेक्षित रहँदै आएको आफ्नो जन्मभूमि पोखरा र एसको सेरोफेरो को सौन्दर्य लाई शब्दचित्र मा उतारेर १८-१९ वर्ष को कलीलो उमेर मा 'प्राकृत-पोखरा' काव्य लेख्नु भएको थियो, जुन कृति वि.सं. २०२१ साल मा छापिएर बहुचर्चित हुनु का साथै 'मदनपुरस्कार' जस्तो गरिमामय पुरस्कार बाट समेत पुंरस्कृत र सम्मानित भएको थियो । प्रस्तुत कृति मेरा शयौं समकालीन मित्र हरू लाई कण्ठस्थ छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विसं. २०२६ साल मा वाहाँ को अर्को उत्कृष्ट कृति छापियो 'महाभारत सूक्तिसुधा' । एक लाख श्लोक भएको महाभारत जस्तो संस्कृत को गहन ग्रन्थ लाई मन्थन गरेर तयार गरिएको उक्त सूक्तिसुधा ने. रा. प्र. प्र बाट छापियो र पाठक हरू बीच अत्यन्त लोकप्रिय भयो, तेसका अन्यान्य संस्करण पनि आए । तेस पछि वाहाँ को 'धरती र आकाश' नामक कविता संग्रह २०३४ मा छापियो र त्यो पनि झनै लोकप्रिय भयो । एसै गरी २०३९ साल मा फुटकर संस्कृत कविता हरू को संग्रह 'शैलसरिता' प्रकाशित भयो र संस्कृत-जगत् मा विशेष चर्चित बन्यो । एसरी कविवर श्री उपाध्याय आफ्ना समकालीन नेपाली र संस्कृत का लेखक र पाठक हरू बीच प्रिय बन्नु भयो । नेपाली रचनाशिल्प मा वाहाँ लाई कति समालोचक हरू ले कविशिरोमणि लेखनाथ को उत्तराधिकारी का रूप मा समेत हेर्न थाल्नुभयो, आदर गर्नु भयो ।

अर्कातिर संस्कृत तर्फ का निम्बार्कचरितम्, शरणागति-शतकम्, महाभारत सूक्तिसुधा आदि कृति का कारण संस्कृत-जगत मा पनि वाहाँ को छुट्टै स्थान बनिसकेकै थियो र तेस क्रम मा वाहाँ लाई विशिष्ट संस्कृत पारितोषिक 'पाणिनि-पुरस्कार' अर्पित गरियो । अहिले पनि वाहाँ का अनेकानेक कृति प्रकाशन को पर्खाई मा छन् । कवि को 'प्राकृत पोखरा' खण्डकाव्य लाई नेपाली र संस्कृत का प्रतिष्ठित कवि डा. लक्ष्मीकान्त पन्थी द्वारा संस्कृत समछन्द मा अनुवाद भई 'जयतु संस्कृतम्' नामक प्रतिष्ठित संस्था बाट छापिइसकेको छ एकातिर भने अन्य कतिपय रचना हरू विविध भाषा मा अनूदित भएका छन् । एसै क्रम मा एस पंक्तिकार ले प्रस्तुत कृति लाई नेपाली मा अनुवाद गर्ने प्रयास गरेको हो । हुन त सरस पद्य मा लेखिएको एस सुन्दर कृति को पद्य मै अनुवाद गर्न पाएको भए छुट्टै आनन्द आउँथ्यो होला, तर मेरा सिर्जन क्षमता को कमी का कारण अहिले आँट गर्न सकिनँ । तैपनि कुनै बेला ईश्वरीय अनुकम्पा ले त्यो सत्कार्य पनि हुन पाए हुन्थ्यो भन्ने धारणा मन मा विद्यमान छ ।

प्रस्तुत कृति को पृष्ठभूमि कस्तो छ भने कवि श्री उपाध्याय अध्ययन का क्रम मा वृन्दावन मा हुँदा जब वार्षिक परीक्षा आउन तीन महीना मात्र बाँकी थियो, उहाँ एक्कासि मलेरिया को संक्रमण बाट नराम्रो सँग बिरामी पर्नुभयो र अस्पताल मा भर्ना भएर एक महीना भन्दा बढी समय सम्म उपचार गराउनु पर्‍यो, मलेरिया सँग को लामो संघर्ष मा अरू पनि धेरै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन बिते र पढाई मा विघ्न पऱ्यो । रोगमुक्ति पछि पनि अस्थिपञ्जर शरीर लिएर छात्रावास मा एक्लै विश्राम गर्नु परेकाले र कक्षा मा उपस्थित हुन असमर्थ भएकाले बाँकी दिन पनि तेत्तिकै जान थाले, एस्तो भयो कि परीक्षा दिन नसकेर पूरै वर्ष खेर जाने भय ले उहाँ को कृश शरीर झनै क्लान्त बन्यो । एस स्थिति मा एक्लै बसेर भगवान् सँग बिलौना गर्नु बाहेक अर्को विकल्प वाहाँ को हृदय ले देखेन । यो कृति तेही बिलौना को काव्यात्मक रूप हो ।

आदरणीय कवि गुरु श्री मुकुन्दशरण उपाध्याय ले किशोर वय मै लेखेको एस सुन्दर संस्कृत काव्य को नेपाली मा अनुवाद गर्न पाउँदा मैले विशेष गौरव को अनुभव गरेको छू । एसमा कविवर श्री उपाध्याय ले प्रवास बाट मातृभूमि को स्मरण अत्यन्त मार्मिक शैली मा गर्नु भएको छ । यो पढ्दा कसको हृदय नरसाउला र ! वास्तव मा मलाई प्रस्तुत काव्य मा कविहृदय बाट उद्गारित भएको देशभक्ति को सरस अभिव्यक्ति ले पनि एस कार्य मा प्रेरित गरेको कुरा नभनी रहन सक्दिनँ । यो कृति पाठक हरू का लागि मेघदूत जस्तै हृदयस्पर्शी र विद्यार्थी का निम्ति नियमित अध्ययन को प्रवृत्ति जगाउन प्रेरणादायी पनि हुने मलाई लागेको छ । मैले जानी नजानी गरेको अनुवाद को भावार्थ स्पष्ट नभएका ठाउँ मा स्वयं रचनाकार बाटै केही सिक्ने अवसर पनि एसमा मैले पाएको छू । एसका लागि गुरूदेव मा कृतज्ञता टक्र्याउँछू र अन्त मा परम कृपालु श्रीकृष्ण का चरणारविन्द मा यो अनूदित कृति समर्पित गर्दछू " **त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये** " इति ।

—दीनदयाल रेग्मी

अनुवादक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणागति-शतकम्

पूर्वभागः

क्षिप्तं मया भ्रमणतः खलु मासषट्कम्
कम्पज्वरेण गलितानि दिनानि षष्टिः ।
भीमा परीक्षणनदी निकटेऽस्ति काली ।
हा हन्त कृष्ण ! विगतो मम वर्ष एषः ॥१॥

हे भगवन् ! मैले आवारा ले भैं कहिले कुनै एक ठाउँ मा र कहिले कुनै अर्को ठाउँ मा भ्रमण गर्दै व्यर्थै मा छ महीना खेर फालें । तेस पछि का धेरै दिन एही कम्पज्वर को चपेटा मा परेर व्यतीत भए । एता पार नगरी नहुने वार्षिक परीक्षारूपी भीषण नदी कालो र नीलो रूप लिएर मेरा सामू उपस्थित भएको छ । हे श्रीकृष्ण ! मँ अति नै डराएको छू, अहो कति दुःखलाग्दो कुरा छ कि मेरो यो अनमोल वर्ष अब तेत्तिकै खेर जाने भयो ॥१॥

क्षीणं कृशं च शिथिलं वपुरस्ति दीनं
भट्टोजिदीक्षितकृतिर् बहुविस्तराऽस्ति ।
अन्याश्च पाठ्यकृतयो विहसन्ति दूरात्
कोऽस्मिन् समुद्धरति कृष्ण ! कठोरकाले ॥२॥

हे भगवन् ! मेरो शरीर अहिले गलेर अत्यन्त क्षीण बनेको छ, (परीक्षा मा निर्धारित) भट्टोजिदीक्षित को सिद्धान्त कौमुदी अत्यन्त विस्तृत छ । पाठ्यक्रम मा तोकिएका अरू पनि पुस्तक हरू ले मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमाद र अशक्तता प्रति टाढै बाट उपहास गरिरहेका छन्, एस्तो कठिन परिस्थिति मा हे श्रीकृष्ण ! हजूर बाहेक कसले मेरो उद्धार गरिदेला ? ॥२॥

दूरे हिमाद्रिनिकटे पितरौ विहाय

स्नेहाकुलं परिजनं जनिभूतलं च ।

त्यक्ताश्रयस्य मम कोऽस्ति विना भवन्तम्

श्रीमन्मुकुन्द ! शरणं तव आगतोऽस्मि ॥३॥

हे भगवन् ! मैले सुदूर हिमालय पर्वत का नजीक मा आफ्ना आमा-बुवा लाई तथा स्नेहाकुल भाई, बहिनी सहित को परिवार र प्यारो जन्मभूमि लाई पनि त्यागेर एति टाढा बिरानो वृन्दावन मा आएर पथरा परेको छू । एस्तो असहाय मेरा निम्ति हजूर बाहेक को पो सहारा हुन सक्ला र ? हे मेरा आराध्य प्रभु ! मँ आज हजूर कै शरण मा उपस्थित भएको छू ॥३॥

एतच्च तच्च लिखितं विदितं हि तच्च

नाभूत् किमप्यविदितं सरला हि प्रश्नाः ।

ह्यश्चाखिलं लिखितवानिति मत्सतीर्थ्यैः

श्वो गर्जिते सति विभो ! किमहं भवेयम् ? ॥४॥

हे भगवन् ! जब मँ परीक्षा मा बसेर त्याहाँ सोधिएका प्रश्न हरू को समाधान दिन नसकूँला र परीक्षाभवन बाट दिक्क हुँदै बाहिर निस्कूँला तेतिखेरै सँगै निस्केका सहपाठी साथी हरू ले मेरै अगाडी "यो पनि लेखें, त्यो पनि जानेकै प्रश्न आयो र एस वर्ष का त प्रश्नपत्रै पनि कति सजीला रहेछन्" इत्यादि भनेर चर्को चर्को कुरा गर्दै स्फूर्ति लगाउलान्, हे प्रभु ! तेस बेला मेरो के अवस्था होला ? ॥४॥

किं तत्त्वमस्ति विरसे खलु शब्दशास्त्रे

यत्रास्ति पूर्वपठितस्य च 'तस्य लोपः' ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यादिखर्बकथनैः कृतधर्मनाशम्

मां कृष्ण कः कृपयतीह विना भवन्तम् ॥५॥

हे भगवन् ! जुन पात्र ले "यो विरसिलो शब्दशास्त्र, जहाँ पूर्वपठित ध्वनि लाई पछिल्ला सूत्र ले 'तस्य लोपः' भनेर लोप गरिदिन्छ भने एस्तो अस्थिर शास्त्र मा खास के पो तत्त्व छ र " इत्यादि भन्दै अनेक थरी छोटो शैली का कुरा गरी गरी विद्याध्ययनरूपी आफनो स्वधर्म को नाश गरेको छ, तेस्तो बुद्धिहीन पात्र मलाई हे दयालु श्रीकृष्ण ! करुणामय हजूर विना कसले पो कृपागरेर उद्धार गरिदेला र ? ॥५॥

टिड्ढाणसूत्ररचनां परिहाय 'डिच्च'-

सूत्रे प्रहासपर योऽस्ति विवेकहीनः ।

नूनं हि प्रश्नसमरे भविताऽस्ति 'डिच्च'

धार्ष्ट्यं तदीयमिदमद्य क्षमस्व नाथ ॥६॥

हे नाथ ! महर्षि पाणिनि द्वारा निर्मित 'टिड्ढाणञ्-द्वयसज्' इत्यादि शब्दावली भएको सूत्र लाई कण्ठाग्र गर्न तिर ध्यान नदिएर 'ङिच्च' भन्ने सूत्र माथी ठट्टा गर्दै समय बिताउने यो विवेकहीन व्यक्ति अवश्य पनि चाँडै नै परीक्षारूपी युद्ध मा स्वयं नै 'ङिच्च' बनेर फर्कने छ, तर पनि बालक को एस धृष्टता लाई हे कृपामय प्रभु ! हजूर ले क्षमा गरिदिनु हुनेछ ॥६॥

चिन्ता न मेऽस्त्यविदितेति तु शब्दविद्या

चिन्ता न कोऽप्युपहसेदिति मत्सतीर्थ्यः ।

चिन्ता तु मेऽस्ति गहना मम तातपादो

मां तत्र स्वप्रियजनैरभिशंसतीति ॥७॥

हुन त हे प्रभु ! मेरो वास्तविक चिन्ता व्याकरणविद्या मा पारंगत हुन सकिनँ भन्ने पनि होइन र मेरो खास चिन्ता आफनो असफलता मा सहपाठी वा कसैले उपहास गर्लान् कि भन्ने पनि होइन । मेरो खास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिन्ता त के हो भने मेरा पूज्य पिताज्यू आफना निकटतम इष्टमित्र हरू का बीच "मेरो छोरो सधैं उत्कृष्ट श्रेणी मा उत्तीर्ण हुने गर्छ" भनेर प्रशंसा गरिरहनु हुन्छ, (हे कृपानिधान ! मेरा पूज्य पिता को त्यो पवित्र प्रशंसा मेरै प्रमाद का कारण अब असफल हुने भयो, मेरै कारण ले पिताजी का वाणी मिथ्या ठहरिने भए र मेरा पिताजी मेरै कारण ले खिन्न बन्ने हुनुभयो) भन्ने जुन अति नै दुःखद कुरा छ तेसैले हे प्रभु मँ बढी व्याकुल बनिरहेछू ॥७॥

दुःखात् पुरा द्रुपदजाऽपि कयाधुजोऽपि
ग्राहाद् विपाटितमुखाद् गजपुङ्गवोऽपि ।
गुप्तो ध्रुवोऽप्यपठितः सदयेन येन
सन्त्यज्य तं शरणदं कमुपाश्रयेऽहम् ? ॥८॥

प्राचीन काल मा जुन दयालु हजूर ले दुःशासन आदि कौरवगण बाट पीडित द्रौपदी लाई आपत्ति बाट जोगाउनु भएको थियो, जसले अब एकै गास पार्छू भनेर मुख बाएको गोही को विकराल आक्रमण बाट गजेन्द्र लाई उद्धार गर्नु भएको थियो र मँ जस्तै अज्ञानी बालक ध्रुव माथी कृपा गर्नु भएको थियो भने तेस्ता शरणागतवत्सल प्रभु हजूर लाई छोडेर मँ अब कहाँ र कसका शरण मा जाऊँ ? ॥८॥

किं शिक्षया भवति व्याकरणादिशास्त्रम्
सर्वं ह्यपूर्णमिव भाति गुणानुवादे ।
वेदः स्वयं स्तुतिपरोऽस्ति हि यद् गुणानाम्
तौ केन कृष्ण चरणौ समुपाश्रयेऽहम् ॥९॥

हे भगवन् ! शिक्षा प्राप्त गरेर हुने लाभ पो खै के हो र ? मलाई हजूर को गुणानुवाद गर्न मा पढिने सबै कुरा अधूरा जस्ता मात्र लाग्छन् । जुन हजूर को स्तुति गर्न स्वयं वेद हरू नै प्रस्तुत भएका छन् भने अब अर्को बाँकी नै के पो रह्यो र प्रभु ? तेस्ता परम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूज्य हजूर श्रीकृष्ण परमात्मा का चरणयुगल प्रति मँ अब कुन शब्द ले उपासना गरू, मँ त शब्दहीन भएको छू ? ।।९।।

श्रीकृष्णनामनिकटे भगवांश्च विद्वान्
श्रीपाणिनिर् वररूचिः स च शेषनागः ।
भट्टिस्तथान्यकवयः प्रणमन्ति सर्वे
सर्वा गलन्ति च्युतयोऽच्युतसंज्ञयैव ॥१०॥

हे प्रभु ! हजूर को नाम का अगाडी विद्वद्वर पाणिनि, वररूचि अर्थात् महर्षि कात्यायन, र शेषनाग का अवतार पतञ्जलि आदि सबै नै महान् व्याकरणकार हरू झुक्छन् । एसर्थ मलाई त कस्तो लाग्दछ भने हजूर को अच्युत भन्ने पवित्र नाम लिनाले नै सारा त्रुटि हरू गलित हुन्छन् (तात्पर्य के भने व्याकरण चाहिएको केवल शब्द र वाक्य मा त्रुटि नहोस् भनेर मात्र न हो, तर त्यो त्रुटि त भगवान् को नाम लिनाले नै स्वयं खण्डित हुन पुग्छ, तसर्थ हे श्रीकृष्ण ! मँ अब हजूर अच्युत लाई छोडेर कुन ग्रन्थ का शरण मा धाई रहूँ ?) ।।१०।।

'विष्णाय ते नम सदा भगवान ! पाहि
तुभ्यं विहाय न गती' इदमेव भक्त्या ।
प्रोक्तं च्युतं पदमहो ! दयया शृणोषि
मन्ये मुकुन्द भवतीह तु भक्तिरेव ॥११॥

हे भगवन् ! यदि कुनै अपठित भक्त ले श्रद्धापूर्वक हजूर लाई विष्णवे नमः भन्न नजानेर विष्णाय नम भन्यो वा 'हे भगवन्' भन्न नजानेर 'हे भगवान' भन्यो र 'त्वां विहाय' भन्न नजानेर 'तुभ्यं विहाय' भन्ने त्रुटि गऱ्यो भने पनि हजूर त सुनिदिनु हुन्छ । एस कुरा ले मँ के निष्कर्ष मा पुग्छू भने हे भक्तवत्सल हे श्रीकृष्ण ! हजूर लाई त भक्ति नै प्रिय छ, अवश्य पनि सांसारिक व्याकरणज्ञान को कुनै अपरिहार्यता हजूर का निम्ति छैन ।।११।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक्तं च्युतं च वचनं यदि चेच्छृणोषि
व्यर्थं न किं श्रुतिमुखं भविता त्रिलोक्याम् ?
न त्वं शृणोषि यदि तत्र च सर्वनाशो
मन्दो न वेद्मि भगवन् ! निहितार्थमत्र ॥१२॥

तर हे भगवन् ! (व्याकरण र भक्तिभाव लाई सँगै राखेर घरि घरि मँ के पनि सोच्दछू भने) यदि हजूर ले एसरी भक्त हरू बाट त्रुटिपूर्ण शैली मा व्यक्त गरिएका वचन पनि सुनिदिने हो भने संसार मा पवित्रतम ग्रन्थ वेद को मुखै मानिएको सम्मानित व्याकरण-विद्या नै व्यर्थ बन्न जाँदैन र ? अनि फेरि यदि हजूर व्याकरणिक त्रुटि भएका पुकार लाई सुनिदिनु हुन्न भने त झनै सर्वनाश हुन्छ । हे प्रभु ! मँ मन्दबुद्धि भएको बालक एसको समाधान के गरी होला ? र यहाँ के रहस्य छ ? भनेर बुझ्न सकिरहेको छैन ॥१२॥

हे कल्पनीयतमसुन्दररूपशालिन् !
हे कीर्तनीयतमसुन्दरकीर्तिशालिन् !
हे वर्णनीयतमसुन्दरकर्मशालिन् !
किंकार्यमूढहृदयं शरणं गृहाण ॥१३॥

हामी जस्ता अल्पज्ञ बाट जति सम्म कल्पना गर्न सकिन्छ त्यो भन्दा पनि अधिकतम सुन्दर रूप भएका हे प्रभु ! हामी मनुष्य का सीमित शब्द ले जति प्रशंसा गर्न सकिन्छ त्यो भन्दा पनि अधिकतम कीर्ति भएका हे यशस्वी ईश्वर ! अनि हाम्रा सीमित शब्द ले जति सम्म वर्णन गर्न सक्दछन् त्यो भन्दा पनि बढी राम्रा कर्म गरेका हे कर्मयोगी महापुरूष ! हजूर का अगाडी एउटा किंकर्तव्यविमूढ भएको यो अनजान बालक उपस्थित छ, तेसलाई शरण मा लिइदिनु होस् ॥१३॥

नालंकृता यदि तु माध्यमिकी परीक्षा
का हानिरस्ति भगवन् कवितां लिखेयम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लीलाकथा-रसिक-साधुसभा व्रजेयम्

तीर्थानि साधुपवितानि परिभ्रमेयम् ॥१४॥

ठीकै छ, यदि मैले मध्यमा परीक्षा उत्तीर्ण गर्न सकिनँ भने पनि के पो होला र, हे भगवन् ! बरू तेस पछि के होला भने मँ कहिले कविता लेखेर, कहिले हजूर का लीला हरू को वर्णन मा रमाइरहेका रसिक साधुजन का सभा मा पुगेर तथा तेसको आनन्द लिएर अनि कहिले फेरि साधु हरू ले पवित्र पारिएका तीर्थस्थल मा घुमी घुमी दिन बिताउने छू । अर्थात् मँ अज्ञानी नै भए पनि एउटा फिरन्ता जोगी बनेर घुम्न मलाई तेस पछि झनै सजीलो हुनेछ ॥१४॥

विद्वान् पिताऽपि मम भागवतानुरक्तो

माताऽपि नाथ तव दिव्यकथासु सक्ता ।

सोऽहं कथं ह्यपरकर्मकरो भवेयम् ?

कृष्ण ! त्वदीयचरणौ मधुरौ विहाय ॥१५॥

हुन त हे भगवन् ! मलाई परिस्थिति ले अब ठीकै ठाउँ मा लान खोजेको छ । किन भने मेरा विद्वान् पिताजी पनि भागवतीय कथा मै अनुरक्त हुनुहुन्छ र मेरी आमा पनि तेस्तै हजूर का दिव्य लीला हरू मा आसक्त हुनुहुन्छ । जब मेरा जन्मदाता माता-पिता दुवै नै हजूर का गुणगान मा समर्पित हुनुहुन्छ भने मँ पनि हजूर का चरणकमल छोडेर कसरी अरू काम मा लाग्न सकूला र (तेसरी अरू काम मा लागेर मेरो जीवन कसरी पो रमाइलो बन्न सक्ला र ?) ॥१५॥

श्रीमन्मुकुन्दचरणौ मनसा स्मरामि

श्रीमन्मुकुन्दचरणौ वचसाऽर्चयामि ।

श्रीमन्मुकुन्दचरणौ शिरसा नमामि

वन्द्यौ मुकुन्दचरणौ शरणं मदीयौ ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एसर्थ अब मँ श्री अर्थात् राधाजी सहित का हजूर श्री मुकुन्द भगवान् का चरणकमल लाई मन ले स्मरण गर्दछू, हजूर श्री मुकुन्द भगवान् का चरणकमल लाई वचन ले अर्चना गर्दछू, हजूर भगवान् श्री मुकुन्द का चरणकमल लाई शिर झुकाएर ले नमन गर्दछू र हे भगवन् हजूर श्री मुकुन्द प्रभु का वन्दीय चरणकमल नै मेरा परम आश्रय भइरहने छन् ॥१६॥

आर्योऽस्मि विप्रतनयोऽस्मि सुसंस्कृतोऽस्मि
वृन्दावनेऽस्मि भगवच्चरणाश्रितोऽस्मि ।
इत्यादिगर्वनिवहैः कृतधर्मनाशः
एषोऽपि किं भवति नाथ कृपालवार्हः ॥१७॥

हे भगवन् ! हुन त "मँ आर्यपरिवार को मानिस हूँ, विप्रकुल मा जन्मेको हूँ, मँ सुसंस्कृत छू, तेस माथी पनि वृन्दावन धाम मा पढ्न आइपुगेको छू र वैष्णव संस्कार लिएर भगवान् मा शरणागत भइसकेको छू" इत्यादि गर्वपूर्ण सोचाई हरू ले आफू सँग भएको पूर्वजन्मार्जित पुण्य समेत जसले नष्ट गरेको छ र गर्दै छ, एस्तो मँ जस्तो अधम व्यक्ति पनि हजूर को कृपापात्र बन्न के पो योग्य हूँला र ? (मलाई लाग्दछ कि मँ जस्तो अनुपयुक्त व्यक्ति हजूर को कृपा प्राप्त गर्न लायक कदापि हुने छैन) ॥१७॥

तत्किन्तु नाथ ! सकलेऽपि च गर्वपुञ्जे
मन्ये त्वयार्पितमतेरपि कृष्ण दोषः ।
किं वेत्ति पामरजनः भवसिन्धुसक्त
स्तेनास्ति नाथ करूणालवपात्र एषः ॥१८॥

तर तेसो भए पनि हे भगवन् ! उक्त सम्पूर्ण अभिमान वा गर्व पनि जीव ले हजूर बाटै प्राप्त गरेको बुद्धि का कारण ले आउने हो । एसर्थ हे प्रभु ! तेस गर्व मा हजूर बाट प्राप्त बुद्धि को पनि त दोष छ । नत्र हे नाथ ! मँ जस्तो पामर जो सँग हजूर ले दिएको अलिकति बुद्धि अर्थात् चेतना बाहेक अर्को सहारा केही पनि छैन, तेस्तो अदना ले स्वयं के पो गर्न सक्छ र ? एसर्थ हे प्रभु ! यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालक अवश्य पनि हजूर का करुणा को एक सानो अंश को पात्र त अवश्य नै हुनु पर्छ ।।१८।।

केचिद् भयेन विषहेन गदेन केचित्

केचित् तु लोभनिचयेन मदेन केचित् ।

यौ संस्मरन्त्यपि भवन्त्यपि लब्धकामाः

तौ श्रीमुकुन्दचरणौ शरणं प्रपद्ये ॥१९॥

कुनै मानिस डर ले, कुनै मानिस रोगादि को असह्य पीडा ले, कुनै मानिस मन मा थुप्रिएको लोभ ले अनि कुनै कुनै त आफनो अहंकार को प्रदर्शन गर्ने भावना ले पनि जसको स्मरण गर्दछन् र प्रार्थना बाट इच्छापूर्ण भएको अनुभव पनि गर्दछन्, तिनै भगवान् का चरणकमल मा मँ अज्ञानी बालक आज शरणागत भएको छू ।।१९।।

एषोऽस्मि नाथ पठनत्रुटिदोषभीतः

विद्यार्थिवृन्दपरिहासकृपाणभीतः ।

मातुः पितुर्मलिनदृग्गलिताम्बुभीतः

संसारभीत इति नाथ कृपां विधेहि ॥२०॥

हे प्रभु ! यो बालक अर्थात् मँ पढ्नै पर्ने बेला मा नपढेर जुन त्रुटि भयो, तेस त्रुटिरूपी दोष बाट पनि भयभीत छू, आफू सँग प्रतिस्पर्धा गर्ने सहपाठी विद्यार्थी हरू बाट हुन सक्ने परिहास वा उपेक्षा बाट पनि भयभीत छू, मेरो सम्भावित असफलता ले मलिन अनुहार लिएका मेरा माता-पिता का आँखा बाट बग्न सक्ने आँशु बाट पनि भयभीत छू र हे प्रभु ! मेरो परीक्षाफल कस्तो भयो ? भनेर भोलि सोधिरहने संसार बाटै भयभीत बनेको अवस्था मा छू ।।२०।।

धन्या मम प्रमदितिः कृपया तु यस्याः

श्रीमन्मुकुन्दचरणाश्रयभावनाऽभूत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आलस्यमेतदपि धन्यतरं यतोऽहम्

सम्प्रस्तुतो विवशतोऽपि तव स्तवेऽस्मि ॥२१॥

हुनत अर्का प्रकार ले विचार गर्दा मँ के पनि सोच्न थाल्छू भने आफनो पढाई प्रति को यो लापरवाही पनि धन्य हो, जुन लापरवाही को कृपा ले गर्दा नै मैले आफनो पाठ को तयारी गर्न सकिनँ र परीक्षा मा सहायता कै निम्ति भए पनि हजूर को चरणकमल मा आश्रय लिने भावना मँ भित्र उदाउन पायो । अनि मेरो आलस्य पनि झनै धन्यवाद को पात्र हो, जुन आलस्य ले गर्दा पढिनँ र विवश भएर आज एस प्रार्थना बाट हजूर को स्तुति मा प्रस्तुत हुन पाइरहेको छू, हे प्रभु ! गहिरिएर सोच्दा यो पनि त सानो उपलब्धि होइन ॥२१॥

सर्वं विहाय व्रज मां शरणं शरण्यं

सर्वाश्रयं सकलशक्तिमयं वरेण्यम् ।

त्वामुद्धरिष्य इति यः स्वयमाह तस्मै

तुभ्यं नमो भगवते पुरूषोत्तमाय ॥२२॥

जसले सबै कुरा छोडेर अर्थात् 'सर्वधर्मान् परित्यज्य' इत्यादि भन्दै सर्वशक्तिमान्, सर्व-आश्रय तथा सबै को वरणीय एवं सबै को शरणागतवत्सल मँ श्रीकृष्ण मा शरण लिए अवश्य पनि तिम्रो उद्धार गर्नेछू इत्यादि कृपामय वाणी द्वारा आश्वस्त तुल्याउनु भएको छ, तिनै कृपालु पुरूषोत्तम प्रभु हजूर लाई मेरो हार्दिक, हार्दिक प्रणाम छ ॥२२॥

मन्ये प्रभो यदि भवान् परितोषमेति

सर्वं करामलकवद् विदितं मम स्यात् ।

यद् वाऽस्तु नैव विदितं किमु तत्र हानिः

श्रीमन्मुकुन्दचरणे यदि भक्तिभावः ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे प्रभु ! मलाई कस्तो लाग्छ भने हजूर प्रसन्न हुनु भएको अवस्था मा त समग्र संसार नै करामलकवद् ज्ञात हुन पुग्नेछ, अथवा मानौं कि हजूर प्रसन्न हुनु भयो र विश्व ब्रह्माण्ड को ज्ञान भएन भने पनि तेसले पनि भक्त लाई के पो हानि छ र ? । किन भने भगवान् श्रीकृष्णचन्द्र का चरण कमल मा भक्तिभाव उत्पन्न हुनु भनेकै सबै भन्दा ठूलो लाभ हो ॥२३॥

एकस्त्वमेव सविताऽसि शिवोऽसि नाथ

दुर्गाऽसि वासववरोऽसि गणाधिपोऽसि ।

कं प्रार्थयामि ? हितकारकमेकदेवे

कृष्णेऽखिलं भवति चेत् करूणानिधाने ॥२४॥

हे नाथ ! एउटै हजूर भगवान् सविता पनि हुनुहुन्छ, भगवान् शिव पनि हुनुहुन्छ, भगवती दुर्गा पनि हुनुहुन्छ र भगवान् वासव अर्थात् देवाधिपति इन्द्र र विघ्नहर्ता गणेश पनि हुनुहुन्छ । एसरी एउटै हजूर श्रीकृष्ण मा समग्र देवतातत्त्व समाहित हुन्छ भने मँ अब हजूर बाहेक कसलाई पो बिन्तीभाउ गर्न जाऊँ ? ॥२४॥

हे पाणिने वद कृतिं तव वा पठानि ?

वा कृष्णचन्द्रचरितं पवितं जपानि ?

मन्ये तवाप्यनुमतिर् हरिसेवनेऽस्ति

धन्यौ मुकुन्दचरणौ शरणं मदीयौ ॥२५॥

हे महर्षि पाणिनि ! मँ अब हजूर सँगै सोध्दछू, मलाई हजूर ले के परामर्श दिनुहोस् भने अब मँ याहाँ द्वारा निर्मित व्याकरणसूत्र हरू जपूँ कि भगवान् श्रीकृष्णचन्द्र का पवित्र चरित्र को चिन्तन गरूँ ? तर मँ के ठान्दछू भने एस विषय मा हजूर को पनि सम्मति हरि भगवान् कै स्मरण गर्ने तर्फ हुने छ । अहो ! हरि श्रीकृष्णचन्द्र का चरणकमल कति धन्य हुन् ? अहा ! मँ त इनै पवित्र भगवान् का चरणकमल का शरण मा समर्पित बन्न पाइरहेछू ! ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णचन्द्रचरणौ मम धातुपाठः
श्रीकृष्णचन्द्रचरणौ मम कारकाणि ।
कृत्तद्धितौ च मम कृष्णपदारविन्दौ
किं कृष्णभिन्नमिह यत्पठनीयमस्ति ? ॥२६॥

श्रीकृष्णचन्द्र का चरणकमल नै मेरा निम्ति धातुपाठ हुन्, श्रीकृष्णचन्द्र का चरणकमल नै मेरा कर्तृ-कर्म-करणादि नाम लिएका विविध कारक हरू हुन्, श्रीकृष्णचन्द्र का चरणकमल नै मेरा कृत् र तद्धित प्रत्यय हुन् । वास्तव मा भगवान् श्रीकृष्ण भन्दा भिन्न पठनीय कुरा के नै पो छ र जसलाई विशेष ध्यान दिई दिई मँ पढिरहूँ ? ॥२६॥

तीर्त्वा परीक्षणनदीं भविता शुभं वा ?
त्यक्त्वा परीक्षणनदीं भविता शुभं वा ?
एतन्नवेत्ति मम धीर् वद मां वदान्य
श्रीमन्मुकुन्द शरणं तव आगतोऽस्मि ॥२७॥

हे मेरा परम दयालु प्रभु ! परीक्षा उत्तीर्ण गरेर मेरो भलाई हुने हो वा परीक्षा को परित्याग गरेर मेरो भलाई हुने हो ? एस विषय मा कुन कुरा उचित हो मेरो अल्पबुद्धि ले ठम्याउन सक्दैन । हे वदान्य अर्थात् कल्याणकारी प्रवक्ता ! स्वयं हजूर नै मलाई जे उचित हो तेस तर्फ लगाई बक्स्योस्, मँ अनजान त केवल चरण का शरण मा पर्न मात्र जान्दछू र तेसै भएर आज शरण मा आएको छू ॥२७॥

भीतोऽस्मि नाथ भगवत्पुरतोऽपि लौल्यात्
याच्ञा कृतेति मदितेन मया शठेन ।
किं विश्वनाथ ! विहिते प्रथमापराधे
संसृज्यते त्रुटितितिः क्रमशः कराला ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे प्रभु ! एसरी बारम्बार हजूर का अगाडी आएर मँ प्रमादी मूढ व्यक्ति ले पटकै पिच्छे लोभाभिभूत याचना मात्र गरिरहें ? एस कुरा ले पनि अहिले मँ डराइरहेको छू । हे संसार का स्वामी भगवन् ! एउटा पहिलो गल्ती शुरू भए पछि तेसका कारण ले एक पछि अर्को गर्दै अरू पनि नयाँ नयाँ त्रुटि हरू थपिँदै गएर गल्ती हरू को एउटा विकराल ताँती नै पो खडा हुँदो रहेछ, दुःखी मनुष्य को अहो कस्तो बाध्यता ! ॥२८॥

वृन्दावने पठितुमागत एष मूढः

वृन्दाटवीमटितुमिच्छति प्रत्यहं चेत् ।

कस्माद् भवेदधिगतं शिवसूत्रजालम् ?

दण्ड्योस्मि वास्मि भगवन्करूणालवार्हः ? ॥२९॥

वृन्दावन मा पढ्न आएको यो मूढ व्यक्ति प्रत्येक दिन थुपुक्क कक्षा मा बसेर पढ्नु को सट्टा वृन्दावन का कुञ्ज, निकुञ्ज हरू घुमेर दिन बिताउन चाहन्छ भने हे प्रभु ! तेसलाई यो शिवसूत्र को जाल अर्थात् व्याकरण का विधि, निषेध र अपवाद हरू को जञ्जाल कसरी पो ज्ञात हुन सक्छ र ? हे प्रभु ! एस्तो यो अनाडी विद्यार्थी करूणा को पात्र हुन्छ अथवा दण्डनीय हुन्छ ? अर्थात् मँ त यो कुरा बुझ्न सकिरहेको छैन । वास्तव मा एस्तो व्यक्ति त दण्डनीय नै पो हुनु पर्ने हो ॥२९॥

ग्रन्था स्वपन्त्यपठिता इव पेटिकायाम्

कक्षासु तन्द्रिनयनो न शृणोति पाठम् ।

काली न यस्य कलमेन कदापि दृष्टा

तं दण्डनीयमपि कः करूणां करोति ? ॥३०॥

एक पटक मात्र पनि पाना नफर्काए जस्तै गरी जसका पाठ्य पुस्तक बाकस भित्र सुतिरहेका हुन्छन्, जुन मानिस कक्षा हरू मा बसेर गुरू का वाणी मा ध्यान दिंदैन र बरू उँघिरहन्छ अथवा जसको कलम ले कहिल्यै मसीपात्र को दर्शनै पाएको हुँदैन, तेस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दण्डनीय व्यक्ति लाई हे भगवन् ! कसले पो कस्गा गर्छ र ? ॥३०॥

अस्त्वेवमेव भगवन् नहि याचयेऽहम्
वर्षं ममेदमपि यातु क्षयं शठस्य ।
किन्त्वद्य भक्तहृदयस्य पितुश्च मातु
राशाऽपि यातु भगवन् विफलाऽस्य हेतोः ? ॥३१॥

हे प्रभु ! ठीकै छ, मँ हजूर सँग अब यो याचना गर्दिनँ । मँ मूर्ख को यो वर्ष तेसै खेर जान्छ भने पनि जावस् र एस विषय मा अब मँ कुनै गुनासो पनि गर्दिनँ । तर हजूर का परम भक्त मेरा माता र पिता को पवित्र आशा र विश्वास पनि के एस प्रमादी कै कारण ले विफल हुन उचित होला र प्रभु ? ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरभागः

दूरे कुबेरदिशि देव हिमालयोऽस्ति
अङ्केऽस्ति तस्य विततो नयपालदेशः ।
तत्राऽस्ति पुण्यवसतिर्बहुसंस्कृतीनाम्
एषोऽस्मि नाथ मनुसंस्कृतिरार्यजातः ॥३२॥

हे भगवन् ! यहाँ बाट सुदूर उत्तर दिशा मा हिमालय नामक पर्वत छ, तेस पर्वत का काख मा विस्तृत नेपाल नामक देश विराजमान छ । तेस देश मा अनेक थरी संस्कृति भएका मानिस का अनेकौं बस्ती छन् । तेस्ता विविध बस्ती मध्ये मँ मनुसंस्कृति मा हुर्किएको एक आर्यपरिवार को सन्तान हूँ (जो हजूर सँग सामान्य कुरा मा एसरी गनगन गरिहेछू) ॥३२॥

देशोऽयमीश गिरिगौरववर्धितोऽस्ति
पूर्वां परामपि दिशं प्रति लम्बमानः ।
यत्रास्ति विश्वशिखरी हिमवान् महोच्चः
श्रीस्वर्गमस्तक इति प्रथितस्त्रिलोक्याम् ॥३३॥

हे भगवन् ! यो देश अग्ला अग्ला महिमाशाली पर्वत हरू को गौरव ले महत्त्वपूर्ण बनेको छ र यो देश पूर्व देखि पश्चिम सम्म तन्केर लाम्चे आकार मा बसेको छ । अनि यो तेही देश हो जहाँ विश्व मै सर्वोच्च शिखर भएको गौरवशाली हिमालय पर्वत विराजमान छ । हे प्रभु ! यो पर्वत स्वर्गमस्तक अर्थात् स्वर्ग को शिर भन्ने नाम (सगरमाथा) बाट संसार भरि प्रसिद्ध छ ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालदेश इति वा नयपालदेशः
नैपालदेश इति वा हिमवत्प्रदेशः ।
इत्यादिनामभिरयं बहुविश्रुतोऽस्ति
स्वाधीनराजनयिकैः श्रमिकैर्जनैश्च ॥३४॥

हे भगवन् ! अहिले मैँ जुन हिमै हिम ले शोभायमान तेस देश को वर्णन गर्दैछू त्यो देश नेपाल, नयपाल र नैपाल आदि विविध नाम बाट विश्व मा चिनिन्छ र आफ्नै स्वतन्त्र चिन्तन लिएका राजनेता हरू का कारण ले र परिश्रमी जनता हरू का कारण ले गर्दा विश्व मा अत्यन्त प्रख्यात पनि छ ॥३४॥

एनं हि देशमृषयः प्रवदन्ति पूर्वे
आर्यायनं श्रुतिकृतां वसतिं पवित्रम् ।
वेदान्तभूमिमथ कर्मवतां च भूमिम्
लोकोत्तरं भुवनशिक्षकमादितीर्थम् ॥३५॥

हे प्रभु ! एस देश लाई प्राचीन काल का ऋषि हरू ले कतै आर्यायन अर्थात् आर्यावर्त भन्ने नाम बाट चिनाएका छन्, कतै वैदिक ऋचा हरू का रचयिता ऋषि महर्षि को निवासभूमि हो भनेका छन्, कतै वेदान्तभूमि हो भनेका छन् भने एसैलाई कतै कर्मयोगी हरू को आदिम भूमि हो पनि भनेका छन् ॥३५॥

अस्योत्तरे सुगतभक्तिपरायणानाम्
प्राचीनतान्त्रिकमतेन च भावितानाम् ।
कैलाशसंस्कृतिवतामतिभावुकानाम्
देशोऽस्ति देव विदितो भुवि तिब्बतेति ॥३६॥

हे प्रभु ! एस देश को उत्तर तर्फ भगवान् बुद्ध को भक्ति मा तल्लीन र प्राचीन तान्त्रिक मत बाट पनि प्रभावित बनेका तथा कैलास संस्कृति मा हुर्केका अत्यन्त भावुक हृदय लिएका मानिस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू को एउटा पवित्र देश छ, एस देश लाई संसार मा तिब्बत भनेर चिन्दछन् ॥३६॥

एतत्तु भारतमिति प्रवदन्ति चाद्य
हिन्दुस्थलं विपुलमेतदहोऽस्ति भूमौ ।
यत्रास्ति कृष्ण ! विदुषामिव राजधानी
वाराणसी च तुलसीविपिनं च दिव्यम् ॥३७॥

हे प्रभु ! जुन देश मा बसेर अहिले मँ यी पंक्ति लेखिरहेछू तेसलाई अचेल मानिस हरू भारत भन्ने गर्दछन् । धरती मा हिन्दू हरू को यो नै सबै भन्दा विशाल भूमि हो । हे श्रीकृष्ण ! जुन देश मा अहिले विद्वान् हरू को राजधानी जस्तै वाराणसी नामक नगरी छ र यो दिव्य श्री वृन्दावन धाम पनि विराजमान रहेको छ ॥३७॥

तस्मिंस्तु कृष्ण तुलसीविपिनेऽत्र पुण्ये
वृन्दावने यमुनया परिवेष्टितांगे ।
त्वत्कीर्तनेन पविते निवसन् पठामि
वाणी तवेयमिति माधव देववाणीम् ॥३८॥

हे श्रीकृष्ण ! यमुना नामक नदी ले घेरिएको र हजूर का कथा र कीर्तन हरू ले पवित्र बनेको तेहि वृन्दावन धाम मा बसेर हजूर को मातृभाषा पनि एहि संस्कृत नै हो भन्ने पवित्र भाव लिँदै हे माधव ! हे श्रीकृष्ण ! अहिले मँ तेही देववाणी अर्थात् हजूर को मातृवाणी संस्कृत को अध्ययन गरिरहेछू ॥३८॥

किन्त्वद्य कृष्ण विषहेन महाज्वरेण
सम्पीडितस्तु निवसन्नपि पुण्यधाम्नि ।
तीव्रं स्मरामि विमलं निजजन्मदेशं
यत्राश्रिता मम जना खलु मां स्मरन्ति ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परन्तु हे श्रीकृष्ण ! यो असह्य महाज्वर ले हजूर को पुण्यधाम मा छँदा पनि मँ पीडित हुन पुगें, जसले गर्दा आत्तिएर अहिले आफनो जन्मदेश नेपाल लाई तीव्र रूप मा स्मरण गरिरहेछू । त्यो देश, जहाँ बसेका मेरा आफन्त हरू ले अवश्य नै अहिले मलाई एसै गरी तीव्र रूप मा सम्झिरहेका होलान् ।।३९।।

जानासि कृष्ण हिमवद्गिरिशोभितोऽसौ

देशः कियानिव हि निर्मलतां दधाति ।

तोयं यथामृतजलं मधुरं विभाति

सम्यक् तथा सरति मन्दसुगन्धवायुः ॥४०॥

हे मेरा प्रभु ! हजूर लाई थाहै छ, हिमालय पर्वत को सौन्दर्य ले सुशोभित भएको त्यो मेरो देश कति स्वच्छ र निर्मल छ ? अनि त्याहाँ को पानी मानू अमृतजल भनेकै एही नै पो हो कि जस्तो कति मीठो छ ? अनि मन्दगति मा सुगन्ध लिएर उडिरहने हावा कति समाइलो सँग सिरसिर गर्दै प्रवाहमान भइरहन्छ ? हे श्रीकृष्ण ! मेरो यो देश साँच्चै नै अत्यन्त महिमामय र रमणीय छ ।।४०।।

शाक्ताश्च वैष्णवजनाश्च शिवाश्रयाश्च

बौद्धाश्च जैनपथगाश्च कबीरकाश्च ।

सर्वेऽपि सन्ति भगवन्निह बन्धुभावाः

किं वच्मि मुस्लिमजनोऽपि च नात्र गोघ्नः ॥४१॥

हे श्रीकृष्ण ! यो देश एति उत्कृष्ट छ कि यहाँ शाक्त हरू, वैष्णव हरू, शैव हरू, बौद्ध हरू अनि जैनमार्गी र कबीरपन्थी हरू पनि बन्धुभाव लिएर मिलेरै बसेका छन् । हे भगवन् ! मँ धेरै बयान त के गर्न सक्छू र ? यो एस्तो देश हो जहाँ मुस्लिम हरू पनि गोहत्या गर्ने अर्थात् गाई मारेर खाने भन्ने इच्छा नै गर्दैनन् ।।४१।।

पुण्यं तपःस्थलमिदं मुनिपुङ्गवानाम्

कर्मस्थलं ललितवास्तुकलागुरूणाम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साम्राज्यगौरवमिदं नृपपुङ्गवानाम्
क्रीडाङ्गणं प्रकृतिनिर्मित-सुन्दरीणाम् ॥४२॥

हे प्रभु ! यो देश ठूला ठूला ऋषिमुनि हरू को तपोभूमि हो, ललितकला र वास्तुकला का विशिष्ट ज्ञाता प्रतिभा हरू को कर्मभूमि हो, असल र श्रेष्ठ राजा हरू को गौरवपूर्ण साम्राज्य पनि हो र एसका साथै प्रकृति बाटै आकर्षक अनुहार पाएका सुन्दरी हरू को क्रीडाभूमि पनि हो ॥ ४२॥

वाल्मीकिरत्र तमसानिकटे लिलेख
श्रीरामचन्द्रचरितं महितं महर्षिः ।
व्यासो बभाण कुरुपाण्डवयुद्धवृत्तम् ।
वेदत्रयं गिरिगुरोर् निकटेऽत्र भूमौ ॥४३॥

हे प्रभु ! एहि पवित्र भूमि मा तमसा नदी को तट मा बसेर महर्षि वाल्मीकि ले भगवान् श्रीराम को परमपावन चरित्र (रामायण) लेखेका थिए भने अर्का महर्षि वेदव्यास ले कौरव र पाण्डव का बीच भएको महाभारतीय वृत्तान्त र वैदिक संहिता हरू एही पवित्र भूमि मा प्रस्तुत गरेका थिए ॥४३॥

अत्रैव कृष्ण-मुनिना भवता प्रगीता
गीता कृता निवसता हिमशैलभूमौ ।
यद्ग्रन्थसंस्कृतिवती जगतीयमस्ति
ख्याताऽखिले जगति धर्मसहिष्णुतायाम् ॥४४॥

हे मेरा परम आराध्य श्रीकृष्ण ! हजूर स्वयं बाट अभिव्यक्त भगवद्गीता को उपदेश लाई पनि उनै कृष्णद्वैपायन मुनि ले एही पवित्र देश (नेपाल) मा बसेर पद्यबद्ध गरेका थिए, तेही गीताग्रन्थ को संस्कार का कारण यो नेपाली धरती आज पनि धार्मिक सहिष्णुता का सन्दर्भ मा विश्व भरि प्रख्यात हुन पाएको छ ॥४४॥

सीता-विदेह-गिरिजा-शिव-शाक्यबुद्धैः
पृथ्वी-महेन्द्र-कुलमण्डन-द्रव्यशाहैः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भानु-प्रसाद-कविकोकिल-लेखनाथैः
सम्मानितोऽस्ति भगवन् मम देश एषः ॥४५॥

हे मेरा प्रभु ! मेरो यो महान् देश आदर्श नारी सीता, राजर्षि जनक, भगवती पार्वती, भगवान् शिव र शाक्यमुनि भगवान् बुद्ध जस्ता दैवी विभूति हरू र राजर्षि पृथ्वीनारायण, वर्तमान राजा महेन्द्र वीरविक्रम शाह, राजा कुलमण्डन शाह र राजा द्रव्य शाह जस्ता राजनेता हरू तथा आदिकवि भानुभक्त, महाकवि लक्ष्मीप्रसाद, कविकोकिल विद्यापति र कविशिरोमणि लेखनाथ आदि महान् महान् प्रतिभा हरू का नाम ले गर्दा विश्व मै सम्मानित छ ॥४५॥

वाराहक्षेत्रमिह पाशुपतं च क्षेत्रम्
श्रीलुम्बिनीविपिनमत्र च देवघाटः ।
अत्रास्ति देव मिथिला जनकस्य भूमिः
वृन्दावनानि विमलानि बहूनि सन्ति ॥४६॥

हे प्रभु ! भगवान् वराह को अवतार भएको वराहक्षेत्र पनि एसै भूमि मा छ । भगवान् बुद्ध को जन्मस्थल लुम्बिनी पनि याहीँ नै छ र हे प्रभु राजर्षि जनक को मिथिला पनि याद्दहीँ छ । एसरी हे प्रभु ! एस पवित्र देश मा निर्मल वृन्दावन हरू त कति हो कति विराजमान छन् ॥४६॥

अत्रैव कृष्ण विदिता मनुराजधानी
श्रीहस्तिनापुरमपीह वदन्ति तज्ज्ञा ।
यत्र त्वया रिपुभयात् परिरक्षितेन
राज्ञा श्रुता शुकमुखात् चरितानि विष्णोः ॥४७॥

हे प्रभु ! राजर्षि मनु को प्रसिद्ध राजधानी पनि एसै देश मा थियो र हस्तिनापुर पनि एतै कतै थियो भनेर तद्विषयक विद्वान् हरू भन्दछन् । यो तेही देश हो जहाँ शत्रु को आक्रमण हुँदा हजूर बाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रक्षा गरिएका परीक्षित राजा ले परमहंस शुकदेव का मुखारविन्द बाट प्रभु का लीलाकथा हरू शान्त मन ले सुनेका थिए ।।४७।।

जानासि कृष्ण विमलं भुवनं पुनानम्
श्रीमुक्तिक्षेत्रमिति तीर्थमिहास्ति पुण्यम् ।
यस्यांकतः प्रवहितां सरिदेव नाथ !
श्रीगण्डकीत्यभिधया जनताः स्तुवन्ति ॥४८॥

हे प्रभु ! हजूर लाई ज्ञातै छ कि सम्पूर्ण संसार लाई पवित्र गर्ने मुक्तिक्षेत्र भन्ने पावन तीर्थ पनि याहीं नै छ । हे नाथ ! एही पवित्र तीर्थ बाट प्रवाहित भएको नदी लाई नै मानिस हरू गण्डकी नदी भन्ने नाम बाट चिन्दछन् र प्रशंसा पनि गर्दछन् ।।४८।।

स्थित्वा तु यत्र भगवान् जनतोपकृत्यै
नारायणो नरसखः कृतवान् तपोऽभूत् ।
तत्स्मारको मुनिकृतः परिशोभतेऽत्र
श्रीमुक्तिनाथनिलयो ह्यधुनापि सम्यक् ! ॥४९॥

हे प्रभु ! यो तेही तीर्थ हो जहाँ भगवान् ले जनता को उपकार का निमित्त नर नामक सखा लाई साथ मै लिएर बृहत् तपःसाधना गर्नु भएको थियो । उनै नारायण प्रभु को तपस्या को स्मारक का रूप मा ऋषिमुनि हरू बाट स्थापित मुक्तिनारायण भगवान् को मन्दिर याहाँ आज पनि विद्यमान छ ।।४९।।

सा नाथ गण्डकसरिद् भवदीयनाम्ना
श्रीकृष्णगण्डकनदीति च कथ्यते चेत् ।
कालीनदीति च जनैः परिभण्यते सा
नीलायितेन पयसा तरसा स्रवन्ती ॥५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे प्रभु ! नीलो जल लिएर वेगपूर्वक बगिरहेकी ती पवित्र गण्डकी नदी लाई स्थानीय जनता हजूर को नाम सँग जोडेर एकातिर श्रीकृष्ण गण्डकी पनि भन्छन् भने अर्कातिर तिनलाई काली गण्डकी नाम बाट पनि चिनाउने गर्दछन् ॥५०॥

तस्यास्तु पुण्यसलिले विविधा भवन्ति

कृष्णाः शिलाः कनककान्तिमया विचित्राः ।

काश्चित्तु चक्रसहिता रहिताश्च काश्चित्

लम्बायिताश्च चिपिटा अथ गोलिताश्च ॥५१॥

तिनका पवित्र जल मा अनेक प्रकार का काला शिला हरू हुन्छन् । ती शिला अथवा ढुङ्गा सून को जस्तै कान्ति भएका चमकीला पनि हुन्छन् र चित्र विचित्र का हुन्छन् । ती विविध शिला हरू मध्ये कुनै शिला चक्रांकित हुन्छन् र कुनै कुनै चक्र नभएका पनि हुन्छन्, अनि कुनै कुनै लाम्चिलो आकार का, कुनै च्याप्टो आकार का र कुनै कुनै त गोल आकार का पनि हुन्छन् ॥५१॥

एता विभोर् विदितमेव जना यजन्ति

सूर्याश्रया शिवपरा भवदाश्रयाश्च ।

शाक्ता गणेशचरणाश्रयिणश्च सर्वे

इष्ट्वा भवन्ति भगवन् कृतकृत्यभावाः ॥५२॥

हे प्रभो ! हजूर मा विदितै छ कि यी शिला लाई सबै थरी देवता का उपासक हरू ले पूजा गर्दछन् । चाहे ती भगवान् सूर्य का उपासक हून् वा भगवान् शिव शंकर का आश्रित, अथवा स्वयं हजूर का भक्त, अथवा विघ्नहर्ता गणेश को चरण मा आश्रित व्यक्ति हून्, अथवा तिनीहरू भगवती दुर्गा का उपासक नै किन नहून्, तर ती सबै नै यी पवित्र शिला लाई अत्यन्त आदर गर्दछन् र पूजा अर्चना गर्दा कृतार्थ बनेको अनुभव गर्दछन् ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अत्रापि नाथ महिते भवदीयधाम्नि
तां पावनीं हिमशिलां जनता यजन्ति ।
तन्मज्जितं सलिलमिष्टधिया पिबन्ति
गंगाम्भसोऽपि पवनं परिकल्पयन्ति ॥५३॥

हे नाथ ! याहाँ हजूर को आफ्नो श्री वृन्दावन धाम मा पनि सर्वसाधारण जनता तेस परम पावन हिमशिला (शालग्राम) लाई अत्यन्त भक्तिभाव का साथ पूजा गर्दछन् र ती पवित्र शिला डुबाएको जल लाई गंगाजी को जल भन्दा पनि पवित्र मानेर आदर गर्दछन् ॥५४॥

अस्यास्तटे हि भगवन् पुलहाश्रमोऽस्ति
यस्मिन् पुरा नृपवरो भरतोऽतपस्यत् ।
किं वच्मि तस्य नृपतेर् महितं मुरारे
यत्संज्ञयाऽस्ति खलु भारतवर्षमेतत् ॥५४॥

हे भगवन् ! इनै कृष्णगण्डकी को तट मा पुलह ऋषि को आश्रम छ । जुन आश्रम मा अघि राजर्षि भरत ले तपस्या गरेका थिए । अहो ती राजर्षि भरत, जसका नाम बाट यो देश पूरै भारतवर्ष भनेर प्रख्यात हुन गयो, तेस्ता महान् राजा को मँ बालक ले के पो बयान गर्न सक्छू र ? ॥५५॥

तस्यास्तु पुण्यसरितो भगवन् भगिन्यो
ह्यन्याश्च सन्ति सरितः परितो वहन्त्यः ।
तस्माद् विभोऽञ्चलमिदं नयपालदेशे
श्रीगण्डकाञ्चलमिति प्रथितिं प्रयाति ॥५५॥

हे भगवन् ! ती पुण्यजला नदी का अरू पनि बहिनी नदी हरू छन् र ती बहिनी नदी हरू इनै कृष्णगण्डकी का वरिपरि भएर (गण्डकी नाम लिएरै अर्थात् कृष्णागण्डकी, शुक्लागण्डकी, माद्रीगण्डकी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बूढीगण्डकी आदि नाम लिएर) बग्दछन् । हे प्रभो ! तेसरी जतासुकै गण्डकी गण्डकी हरू बग्ने हुनाले एस पवित्र भूमि ले नेपाल देश मा गण्डकी अञ्चल भन्ने सम्मानित प्रसिद्धि पाएको छ ।।५५।।

तत्राञ्चले सुविदिते ललिता वसत्यः

नैका लसन्ति भगवन् भवभूतिभूताः

ताः काश्कि-पर्वत-तनूङ्-लमजुङ्-मनाङ-

श्याङ्जादयः ससरिता फलपुष्पवत्यः ॥५६॥

हे भगवन् ! लोकपरिचित तेस गण्डकी अञ्चल मा संसार का ऐश्वर्य नै हुन् कि भने जस्ता र काश्की, पर्वत, तनूङ (तनहूँ), मनाङ, श्याङ्जा आदि नाम भएका अनेकौं राम्रा राम्रा बस्ती (मण्डल) हरू विराजमान छन् । ती सबै बस्ती सदा सर्वदा सुन्दर सरिता हरू ले, विविध फल र फूल का वृक्ष-लता हरू ले भरिभराउ पनि बनेका छन् ।।५६।।

ज्ञाता विभोऽस्ति भवता ननु कश्यपस्य

काश्कीधरा प्रकृतिसुन्दरतां दधाना ।

यस्यां लसन्ति गहनानि तु पुष्कराणि

फेवादिनामललितानि मनोहराणि ॥५७॥

हे सर्वव्यापक प्रभु ! हजूर लाई थाहै छ, प्राकृतिक सुन्दरता लाई धारण गरेर बसेको महर्षि कश्यप को प्रख्यात कर्मभूमि काश्यपी अर्थात् काश्की भूमि जो अति नै रमणीय छ र जहाँ फेवा आदि नाम गरेका अनेकौं अति सुन्दर र गहिरा ताल-तलैया हरू विराजमान छन् ।।५७।।

रूपासरोवरमितोऽस्ति ततोऽस्ति मैदी

अन्यस्थले लसति केशव ! वेगनाशा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दीपांगनामप्रथितं सर एकतोऽस्ति

फेवाऽस्ति सर्वसरसामिव नायिकेह ॥५८॥

हे भगवन् ! त्यो काश्की धरा कस्तो छ भने एसको केन्द्र (पोखरा उपत्यका) मा एकातिर रूपा ताल छ, अर्कातिर मैदी ताल छ अनि अर्को दिशा मा वेगनाशा अर्थात् बेगनास ताल छ भने फेरि अर्को दिशा मा दीपाङ नाम ले प्रख्यात भएको अर्को सरोवर रहेको छ, तर यी सबै ताल तलैया हरू का समूह मा मानूँ कुनै नायिका नै पो हो कि ? जस्तै गरेर फेवा ताल र शोभायमान छ ॥५८॥

फेवासरोवरमहो कियदस्ति दिव्यम् ?

नृत्यत्तरंगललितं विमलाम्बुशोभम् ।

कूलेषु यस्य विलसन्ति हिमांशुपत्राः

कान्ताभिरिद्धमदना युवराजहंसाः ॥५९॥

अहो त्यो फेवाताल कति दिव्य छ भने तेसका तरंग हरू ललित नृत्य का साथ नाचिरहे झैं छन् र निर्मल जल ले शोभायमान छन् । जसका तट हरू मा आफनी प्रेमिका को चञ्चलता बाट कामोद्दीपन भइरहेका युवा राजहाँस हरू चञ्चल बनेका हुन्छन् र तेस अवस्था को प्रचुरता बाट पनि उनीहरू विशेष शोभायमान देखिन्छन् ॥५९॥

संशोभतेऽन्यदिशि वेगवती धरायाः

शोभेव कापि हिमगौरजला नदीह ।

तां सुन्दरीं सरिदहो जगतीं पुनानां

गंगां वदन्ति जनता अपि गण्डकीं च ॥६०॥

हे श्रीकृष्ण ! फेरि अर्का तिर धरती की स्वयं शोभा नै अवतरित भएर आएकी हुन् कि जस्ती हिमगौर वर्ण भएकी (सेतो जल लिएकी) नदी यहाँ शोभायमान छन् । तेस्तो सुन्दर आकृति साथ जगत लाई पवित्र तुल्याउँदै बगिरहेकी ती नदी लाई स्थानीय मानिस हरू गंगाजी पनि भन्दछन् र गण्डकी पनि भन्ने गर्दछन् ॥६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गंगेयमेव भगवन् परिकीर्तिताप्तै
र्नाम्ना सरस्वतिनदीति सितेति चैव ।
गुप्तेव या मिलति भूमिगतेव देव
कृष्णात्रिशूलिमिलिते पविते प्रयागे ॥६१॥

हे भगवन् ! इनै गंगा नदी लाई आप्तजन हरू सरस्वती नदी र सिता (सितप्रभा) नदी पनि भन्छन् । इनै पवित्र सरस्वती नदी कतै कतै भूमिगत रूप मा लुके भैं गरेर अनि कतै प्रकट पनि भएर कृष्णा गण्डकी र त्रिशूली को सङ्गमस्थल प्रयाग अर्थात् देवघाट मा सम्मिलित बनेकी छन् ॥६१॥

सा काश्यपीय धरणी प्रथिताञ्चलस्य
मध्येऽस्ति नाथ हृदयं वपुषो यथैव ।
श्रीमत्स्यपुच्छमिति हैमगिरिप्रकाशम्
धृत्वा किरीटमिव जातमिताभिमाना ॥६२॥

हे नाथ ! तेस्ती ती काश्यपीय धरती अर्थात् कश्यप ऋषि को मूल आश्रम भएको यो (काश्की) भूमि गण्डकी अञ्चल का बीच मा तेसरी नै बसेको छ जसरी शरीर का बीच मा हाम्रो हृदय बसेको हुन्छ । हे श्यामसुन्द्र ! एस्तो अनुभूति हुन्छ कि यो भूमि माछापुच्छ्रे नामक हिमालय को सुन्दर मुकुट को पहिरन पाएको हुनाले अलिकति अभिमान ले पनि मस्किरहेको छ ॥६२॥

तत्रास्ति पुष्करवती नगरी विचित्रा
यां पोखरेत्यभिधया जनता जपन्ति ।
तस्या हि नाथ निकटे खलु हेमजेति
गंगाभिषिक्तचरणा धरणी ममास्ति ॥६३॥

हे प्रभु ! तेस काश्की धरती मा पुष्करावती नामक एउटा विचित्र नगरी छ जसलाई मानिस हरू पोखरा भनेर चिनाउँछन् । ठीक तेही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगरी का निकट मा गंगा (सेतीगंगा) का जल ले चरण पखालिरहे जस्तो देखिने हेमजा नामक मेरो परम पवित्र र सुन्दर धरती विराजमान छ ।।६३।।

एषा मदीयवसतिर् मम जन्मभूमिः

गोभिर्ह्यजैश्च महिषैश्च विराजिताऽस्ति ।

यत्र प्रकृष्टकृषयो वृषभा दिनान्ते

हुंकारशब्दलसिता गृहमाविशन्ति ॥६४॥

एही हेमजा नै मेरो आफ्नो गाउँ हो, यो नै मेरो जन्मभूमि हो । यो भूमि गाई, गोरु भैंसी हरू र भेडा बाखा हरू ले भरिभराऊ छ । हे नाथ ! यो तेही भूमि हो जहाँ दिनभर खेत जोतेर फर्केका गोरु हरू हूँङ्कार को गर्विलो र लोभलाग्दो शब्द गर्दै बडो फूर्ति का साथ आ-आफना गोठ मा आएर प्रवेश गर्दछन् ।।६४।।

सैषा धराऽस्ति हिमशैलसमीप एव

यत्रास्ति पूर्वकथिता हिमवारिगङ्गा ।

स्वर्णाभयेव हृतमानवमानसानि

यस्यां द्रवन्ति मधु स्वर्णतराफलानि ॥६५॥

त्यो हेमजा भन्ने मेरो जन्मभूमि हिमालय पर्वत का समीप मा नै छ । जहाँ पूर्ववर्णित हिमगंगा (शुक्लागण्डकी) बगिरहेकी छन् र जहाँ उज्ज्वल सून को प्रभा द्वारा मनुष्य हरू का मन लाई लोभ्याई रहे जस्ता सुन्दर सुन्तला का बोट हरू आफना रसपूर्ण फल बाट अमृतमय धारा चुहाई रहेका देखिन्छन् ।।६५।।

किं वर्णयामि भगवन् सुफलानि तानि

वृक्षेषु पत्रहरितेषु कियन्ति भान्ति ।

यद् वर्णनाय न भवेत् प्रभवः कदाचित्

साक्षात् प्रभुश्च भगवान् बदरीवनस्थः ॥६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे भगवन् ! मँ हजूर सँग ती पाकेर पँहेला बनेका सुन्तला का फल हरू आफना हरिया पात का बीच मा कति शोभायमान देखिन्छन्, तेसको कसरी बयान गरूँ ? वास्तव मा अल्पबुद्धि मँ तिनको यथार्थ वर्णन गर्नै सक्दिनँ । मलाई त कस्तो लाग्छ भने स्वयं वेदव्यास लाई पनि तेस सौन्दर्य को यथार्थ वर्णन गर्न सहज हुने छैन । अर्थात् त्यो प्राकृतिक सौन्दर्य एकदमै वर्णनातीत छ र दिव्य छ ॥६५॥

दन्तान् कुणत्ति यदि निम्बुफलाम्लता चेत्

जिह्वां छिनत्ति खलु चर्वित इक्षुदण्डः ।

किं काफलं भवति क्षुद्रफलं रसोनम्

दिव्यानि नाथ खलु स्वर्णतराफलानि ॥६६॥

हे नाथ ! कस्तो छ भने कागती, निबुआ आदि विविध फल हरू को अमीलो ले त दाँत कुँड्याई दिन्छ, उखु खान थाल्दा जिब्रो पाछेर आपत पर्छ, अब काफल को त कुरे नगरौं प्रभु !, तेसको त नामै पनि 'का फल' अर्थात् फलै हो भन्न नसुहाउने जस्तो छ, एकातिर भने अर्कातिर तेसमा खास रस पनि छैन, तर सुन्तला ! हे प्रभु त्यो फल त रूप मा पनि रस मा पनि र गुण मा पनि अर्थात् सबै कुरा मा दिव्यता ले परिपूर्ण छ ॥६६॥

को हेतुरत्र रसनायक तावकेऽस्मिन्

वृन्दावने मधुवने नफलन्ति तानि ।

वृक्षोऽपि रोहति न माधव तस्य दिव्यः

याते विभौ त्वयि गतं सकलं शुभं किम् ? ॥६७॥

हे रसनायक प्रभु ! के कारण होला हजूर स्वयं ले नै खेले हुर्केको एस सम्मानित मधुवन वृन्दावन मा ती सुन्दर सुन्तला का फल हरू कतै पनि फल्दैनन् । हे माधव ! फल नफल्ने मात्र कहाँ हो र ? याहाँ त सुन्तला को त्यो दिव्य बोट पनि कतै उम्रन सक्दैन । हे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वव्यापक विभु ! के हजूर ले वृन्दावन लाई छोडेर हिंडे पछि याहाँ को सबै शुभ कुरा तितर बितर भएर नाशिएको हो र ? ॥६७॥

तस्मिंस्तु तत्र विलसन्ति महोर्वराणि

क्षेत्राणि धान्य-यव-सर्षपशोभितानि ।

अम्बाम्रनिम्बुकदलीफलमण्डितानि

आलूकभिण्डिकवलीसहितानि नाथ ॥६८॥

तर मेरो सुन्दर तेस भूमि (हेमजा) मा त अत्यन्त उर्वर खेत हरू र बारी हरू छन् र शस्यश्यामल बनेर शोभायमान भइरहन्छन् र त्याहाँ धान, जौ, सर्स्यूँ आदि अनाज एव तेलहन अनि अम्बा, आँप, निम्बु एवम् सुन्तला, कागती र ज्यामीर तथा केरा आदि विविध फल फूल तथा आलु, भिण्डी, फर्सी, लौका र चिचिण्डो आदि अनेकौं थरी तरकारी हरू फलिरहन्छन्, लहलहाई रहन्छन् । अहा कति दिव्य छ त्यो मेरो हेमजा भूमि ! ॥६८॥

तां संस्मरामि विरहार्तमनाः स्वभूमिम्

हैमाम्भसा समभिषिञ्चितपुष्पवल्लीम् ।

मन्दप्रवाहिपवनां दधिदुग्धपूर्णाम्

स्नेहार्द्रबन्धुनयनां मधुरां मुरारे ॥६९॥

हे प्रभु ! परिवारजन को विरह ले आत्तिएको मँ आफनो हिमाली शीतल जल ले सिञ्चित पुष्पलता हरू ले शोभायमान, मन्द मन्द बगि रहने हावा भएको र दूध, दही ले परिपूर्ण तथा स्नेह का कारण रसाएका आँखा लिएका बन्धु, बान्धव भएको र माधुर्यपूर्ण तेस जन्मभूमि लाई अहिले बारम्बार सम्झी रहेको छू ॥६९॥

तत्रास्ति मे परिजनः प्रतिवेशिवर्गः

क्रीडाकुटुम्बसवयोजन आप्तवर्गः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नृत्यन्ति धेनुशिशवो गृहवाटिकासु
तां भूमिमातुरमनाः क्व नु यामि कृष्ण ॥७०॥

हे श्रीकृष्ण ! तेस सुन्दर भूमि मा मेरा परिवारजन, सहृदयी छरछिमेकी हरू, बालक्रीडा मा साथ दिने दौंतरी साथी हरू पनि छन् र मेरो तेस सुन्दर गृहवाटिका मा गाई का बाच्छा र बाच्छी हरू खेलिरहन्छन् र आज पनि खेलिरहेका होलान् । हे नाथ ! तेस्ता मेरा आत्मीयजन र तेस्तो सुन्दर जन्मभूमि मा हेमजा मा मैँ कहिले जान पाउँला ? ॥७०॥

यत्र ध्वनन्ति दधिमन्थनघर्घराणि
तीव्रप्रवाहितनदीजलकल्कलानि ।
सारीकपोतशुककोकिलकूजितानि
तं देशमीश क्व नु यामि समाप्तकृत्यः ॥७१॥

हे मेरा स्वामी श्रीकृष्ण ! जुन ठाउँ मा कतै दही मथ्दा निस्केको घार्र घुर्र को मधुर आवाज फैलिरहेको हुन्छ र कतै तीव्र वेग मा प्रवाहित भएका नदीनाला हरू को कलकलाहट र कुलकुलाहट ध्वनि लगातार आइरहेको हुन्छ । अनि फेरि कतै मैना, ढुकुर, शुगा र कोइली का मधुर स्वर हरू गुञ्जिरहेका हुन्छन् र वातावरणै असाध्य रमाइलो बनिरहेको हुन्छ, तेस्तो प्रकृतिमय मेरो सुन्दर हेमजा गाउँ मा हे परमेश्वर ! यो वृन्दावन को काम सम्पन्न गरेर मैँ कहिले पुग्न पाउँला ? ॥७१॥

निर्माय स्वादु हितकारि ममेष्टमन्नम्
पेयं च वस्तु भगवन् जननी मदीया ।
मार्गं विलोकयति वाष्पविलोलनेत्रा
सम्पादितार्थ इत एमि कदा नु तत्र ? ॥७२॥

हे भगवन् ! तेहाँ मेरी ममतामयी आमा मलाई मन पर्ने र हित पनि गर्ने खाने र पिउने कुरा तयार गरेर आँखा भरि आँसु गर्दै मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाटो हेरिरहनु भएको होला । हे प्रभु ! काम सम्पन्न गरेर याहाँ बाट ती आमा भएको तेस पवित्र ठाउँ मा मँ कहिले पुग्न पाउँला ? ॥७२॥

श्रुत्वा गिरस् त्रुटियुता अपि बालकस्य
यो नैव कुप्यति कृपालुरुदारभावः ।
विद्वान् पिता स ननु खिद्यति मद्वियोगात्
गत्वा कदा नु चरणावभिवादयामि ॥७३॥

हे भगवन् ! त्रुटि नै त्रुटि ले भरिएको मेरो बालभाषा सुनेर पनि उदार भावना भएका मेरा विद्वान् पिताजी कत्ति झ्रीजो नमानी सुनिरहनु हुन्थ्यो । तर आज मँ तेहाँ छैन, अवश्य पनि मेरो वियोग ले वाहाँ कति खिन्न हुनुहुन्छ होला, कति आत्तिनु भएको होला ? हे प्रभु ! अब मँ तेस्ता पुत्रवत्सल पूज्य पिता जी का चरणकमल लाई कहिले पुगेर अभिवादन गर्न पाउँछू ? ॥७३॥

द्वौ भ्रातरौ मम गृहे स्त उदासचित्तौ
युग्या भवन्ति भगवन् सरला भगिन्यः ।
उड्डीय यातुमिव तान् प्रति चञ्चलोऽस्मि
हे नाथ रोधयति मामदया परीक्षा ॥७४॥

हे नाथ ! घर मा मेरा दुइटा भाई छन्, जो मेरा वियोग मा उदास चित्त लिएर मेरो बाटो हेरिरहेका छन्, एही अवस्था मेरा चार वटा सोझ्रा दीदी, बहिनी को पनि छ । हे कृपालु प्रभु ! ती सबै लाई सम्झ्रँदा कतिखेर उडेर त्याहाँ पुगिहालौं जस्तो मन चञ्चल र आतुर हुन्छ । तर हे नाथ ! यो निर्दयी मध्यमा परीक्षा ले मलाई छेकिरहेको छ ॥७४॥

सन्देश-पत्रमपि दूरत एति नैव
नायाति ग्रामजनताऽपि च तीर्थयात्री ।
का वाऽधुना मम जना विपदः सहन्ते ?
पृच्छामि कं क्व नु व्रजामि कृपासमुद्र ! ॥७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे कृपासमुद्र ! हे दयालु प्रभु ! अहिले त्यो दूर भूभाग बाट कुनै सन्देशपत्र पनि आएको छैन, धेरै दिन देखि आफ्ना गाउँ तिर को कुनै तीर्थयात्री पनि याहाँ देखिएको छैन । एतिखेर मेरा परिवार का सदस्य हरू के कस्तो विपत्ति सहँदै छन् वा ठीकै छन् ? यो कुरा मँ को सँग सोधूँ, कता पुगेर खबर पाउन सकूला ? मन मा अति नै छटपटी भइरहेछ ।।७५।।

घासं छिनत्ति जननी गिरिदुर्गमेषु

स्नानं करोति भगिनी जलगह्वरेषु ।

भ्राता प्रयाति शिखरं चपलोऽति भीमम्

कः कुत्र किं भवति माधव रौति काकः ।।७६।।

गाईवस्तु लाई घाँस काट्न भनेर मेरी आमा अपठेरा अपठेरा भीर हरू मा पनि पुग्नु हुन्छ, एउटी बहिनी एस्ती छ जो नदी को गहिरो दह (रह) मा पसेर नुहाउन खोजिरहन्छे, फेरि एउटा भाई कस्तो छटपटे छ भने जता जता अग्लो र अपठेरो ठाउँ छ तहीं तहीं चढ्न खोजिरहन्छ । हे प्रभु ! अचेल बिहानै मेरा अगाडी आएर एउटा काग रून्चे स्वर मा कराइरहन्छ, यो अवश्य नै कुनै नराम्रो खबर भन्न खोजिरहेछ । हे प्रभु ! मेरा परिवार मा कतिखेर कसलाई के पो हुने हो भनेर मेरो मन कम्पायमान भइरहेको छ ! ।।७६।।

किं वच्मि नाथ मथुरा मधुराऽस्ति नाद्य

वृन्दावनेऽस्ति मधुरं न हि कूपवारि

दुर्गन्धिताऽस्ति यमुना मलनालिकाभिर्

लीलास्थली च भवतः परिदूषिताऽस्ति ।।७७।।

हे प्रभु ! मँ के बिन्ती गरूँ ? आज यो हजूर को मथुरा पहिले हजूर धरती मैं छँदा जस्तो रमणीय पनि छैन, वृन्दावन मा पनि इनार हरू का पानी मा कुनै मीठो स्वाद छैन, हजूर की यमुना नदी अनेक थरी दुर्गन्धित ढल हरू बाट प्रदूषित बनेकी छन् । हे भगवन् ! जतासुकै यो विपरीत के भएको होला ? अहो मेरा प्रभु को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रीडाभूमि पनि एति नराम्रो सँग प्रदूषण ले घेरिन पुगेको छ ! ||७७||

सन्त्यत्र शास्त्रनिपुणा व्रजरेणुपूता
ऐश्वर्यवित्तपतयः पटवः कलासु ।
सर्वं विशिष्टमिह किन्तु न वेद्मि नाथ
वृन्दावनं न परिशोधयतीह कोऽपि ||७८||

हे भगवन् ! छन त याहाँ ठूला ठूला शास्त्र का व्याख्याता हरू पनि छन् र तिनीहरू व्रजरज बाट पवित्र बनेका पनि छन्, अनि याहाँ अनेकौं ऐश्वर्य र श्रीसम्पत्ति का मालिक हरू पनि छन् । याहाँ बाहिर बाट हेर्दा सबै विशिष्ट छ, तर मँ बुझ्न सकिरहेको छैन कि किन इनीहरू कोही पनि यो एस पवित्र वृन्दावन लाई स्वच्छ तुल्याउने कार्य मा जाँगर देखाउँदैनन् ? ||७८||

शुद्धा तु जन्मधरणी परिदूरिताऽस्ति
सम्पूजिता तु धरणी परिदूषिताऽस्ति ।
सञ्चिन्त्य तामपि विभो मलिनामिमां च
भक्तस्तवैष हृदये परिखिद्यतेऽत्र ||७९||

एकातिर अत्यन्त निर्मल आफनो जन्मभूमि टाढा परेको छ, अर्कातिर आफू ले पूजा गरिएको यो पुण्यभूमि एसरी प्रदूषित तुल्याइएको छ । एसरी मेरो आफ्नो नैसर्गिक निर्मल तेस नेपालभूमि लाई पनि र मलिन बनाइएको एस पवित्र वृन्दावन भूमि लाई पनि बारम्बार सोचेर हजूर को यो अकिञ्चन भक्त याहाँ एक्लै खिन्न बनिरहेको छ, गर्न भने केही पनि सक्दैन ||७९||

शक्नोति वक्तुमपि नो महतां पुरस्तात्
उक्तं च कोऽपि न शृणोति च शक्तिशाली ।
श्रुत्वाऽपि बालकथितं प्रहसन्ति सर्वे
जातोऽस्म्यनाथ इव नाथ कृपां विधेहि ||८०||

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे प्रभु ! हजूर को यो अकिञ्चन भक्त ठूला ठूला मानिस का समक्ष मा गएर केही भन्न पनि सक्दैन, अनि एसले कतै केही भनिहाल्यो भने पनि सामर्थ्य हुने मानिस हरू सुनिर्दिंदैनन् । अनि यदि कसैले सुनिहाले भने पनि फुच्चे भनेर मलाई हाहा मा उडाइदिन्छन् । हे नाथ ! एतिखेर याहाँ मँ अनाथ जस्तै भएको छू, हे भक्तवत्सल प्रभु ! एस्तो दीन हीन अवस्था को मलाई उद्धार गरिबक्स्योस् ।।८०।।

आसामहो चरणरेणुजुषामहं स्याम्

वृन्दावने किमपि गुल्मलतौषधीनाम् ।

इत्यादि शास्त्रवचनं कविभिः प्रगीतं

पूर्णं भविष्यति कदेति विरौमि नाथ ।।८१।।

हे कृष्ण ! हाम्रा कवि हरू ले भनेको 'हजूर श्रीकृष्ण का भक्त यी गोपिनी हरू का चरणकमल को सेवा मा समर्पित वृन्दावन का लहरा-पात र बोट-बिरूवा मध्ये कुनै एक बनेर जन्मन पाऊँ' भने जस्ता दिव्य उक्ति लाई आज पनि हजूर उपस्थित हुँदा का जमाना को जस्तै सुन्दर र निर्मल वृन्दावन बनाएर सार्थक तुल्याउन कसरी सकिएला ? भनेर निरीह पात्र मँ एक्लै कराई रहेको छू ।।८१।।

जानासि कृष्ण कियती मम वेदनाऽस्ति

कां दिव्यभूमिमपहाय इहागतोऽस्मि ।

का काऽस्ति तत्र सुषमा वनवल्लरीणाम्

स्वर्गं विहाय ननु कुत्रचिदागतोऽस्मि ।।८२।।

हे श्रीकृष्ण ! अहिले मँ भित्र कति ठूलो वेदना छ भन्ने कुरा मैले निवेदन गरिरहन पर्दैन, त्यो सब हजूर मा विदितै छ । हे प्रभु ! मँ कस्तो दिव्य भूमि छोडेर एति टाढा आइपुगेको रहेछू र मेरो तेस जन्मभूमि का वृक्ष-लता हरू मा कति कति प्राकृतिक सुषमा हरू रहेछन् । हे नाथ ! मलाई एतिखेर कस्तो भइरहेछ भने मँ त मानूँ स्वर्ग लाई परित्याग गरेर कतै पो आइपुगेको रहेछू ।।८२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे कृष्ण किं प्रलपितं तुलसीवनं तु
शुद्धं सदाऽस्ति भगवत्पदरेणुपूतम् ।
यो लोकितो मलिनिमा खलु तत्तु कृष्ण
क्षुद्रस्य किन्तु मलिनस्य हि मेऽक्षिदोषः ॥८३॥

हे श्रीकृष्ण ! अहो मैले आज हजूर का अगाडी यो के बकबास गरें ? वास्तव मा यो श्रीवृन्दावन धाम त स्वयं भगवान् हजूर का चरणकमल को स्पर्श बाट सदा सदा का लागि पवित्र बनिसकेको छ, अतः यो स्वयं नै परिमार्जित छ । तर मँ अल्पज्ञ बालक ले जुन मलिनिमा अर्थात् जतासुकै प्रदूषण र फोहोर देखिरहेको छू त्यो चाहिँ एही लघु प्राणी को केवल आफनै दृष्टिदोष मात्र हो कि ! ।।८३।।

वित्तैषणा तु न सुखं पठितं मयासीत्
विद्यैषणाऽपि न सुखं विदितं मयाद्य ।
काऽप्येषणा किमु चकास्ति सुखाय नो चेत्
किं कृष्ण ! सृष्टिरखिलैव तवाऽस्ति दीना ॥८४॥

हे श्रीकृष्ण ! मैले 'धन को चाहना सुख हैन' भन्ने कतै पढेको थिएँ, अहिले आएर के पनि थाहा पाएँ भने 'विद्या को चाहना पनि सुख हैन रहेछ' । हे भगवन् ! के कुनै पनि विषय को चाहना सुखकारी हुँदैन त ? यदि तेसो हो भने त प्रभु ! हजूर को यो समग्र सृष्टि नै दुःखमय देखिन्छ, तर तेसो हो र प्रभु ? ।।८४।।

सृष्टौ ममेह तु सुखं तव कीर्तिगानम्
त्वद्वन्दनं तव कथाश्रवणं सुधीभ्यः ।
दिव्या तवाकृतिरहो ! कविभिः प्रगीता
हे कृष्ण ! किं नु विरसं वद भक्तिलोके ॥८५॥

तर हे श्रीकृष्ण ! मेरो रचना को संसार अर्थात् भक्तिमय जगत मा त हजूर का कीर्ति को गान पनि अत्यन्त सुखमय छ, हजूर का

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथा को श्रवण पनि उस्तै आनन्दमय छ र (व्यास आदि ठूला ठूला) कवि हरू ले बताएको हजूर को सुन्दरतम आकृति पनि अहो कति दिव्य र रमणीय छ ! हे श्रीकृष्ण हजूर नै भनिबक्सियोस् यो भक्तिभाव को हाम्रो जगत मा कुन कुरा पो विरसिलो छ र ? ॥८५॥

कीदृग्विधेश रचना तव दुःखशीला

हे श्यामसुन्दर ! दयामय दीननाथ !

हे भक्तवत्सल ! कृपाकरूणासमुद्र !

मां पाहि नाथ ! शरणागतमार्तबन्धो ! ॥८६॥

हे श्यामसुन्दर ! हे दयामय ! हे दीनबन्धु भगवान् ! हे भक्तवत्सल ! हे कृपा र करूणा का समुद्र ! हे आर्तबन्धु ! हे आत्तिएका प्राणी का आधार ! मेरा अगाडी यो डरलाग्दो परीक्षारूपी दानव आएर उभिएको छ, एसलाई सम्झेर मँ आत्तिएको छू,एसको आक्रमण बाट शरणागत मलाई रक्षा गरिबक्स्योस् ॥८६॥

अस्तु प्रभो ! व्रजतु मे पठनाब्द एष

नो यातु किन्तु विमला तव भक्तिरेषा ।

अब्दे गतेऽपि किमु मे प्रभुरेति दूरम् ?

दूरं न याति भगवान् यदि काऽत्र हानिः ॥८७॥

हे प्रभु ! बरू भैगो यो मेरो पढाई को एक वर्ष एत्तिकै खेर गए पनि जाओस्, तर हजूर का चरण कमल मा जागृत बनेको यो भक्तिभाव भने अब कसै न जाओस्, यो एस्तै स्थिर बनिरहोस् । किन भने यो वर्ष खेर गइहाले पनि अवश्य नै मेरा प्रभु टाढा जानुहुन्न । एसर्थ यदि भगवान् मेरा साथ मै रहनु हुन्छ भने के पो हानि भयो र ? ॥८७॥

पूर्वं यथा गुरूकुलेऽध्ययनं गभीरम्

सत्कर्मलक्ष्यसहितं भवति स्म कृष्ण !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्यत्व एतदिह कुत्र च नास्ति किं न

तेनापि मादृशजना विफला भवन्ति ? ॥८८॥

हे प्रभु ! जसरी प्राचीन काल मा गुरुकुल मा गम्भीर तरीका ले जीवन को प्रमुख लक्ष्य सत्कर्म हुने गरी पढाई हुन्थ्यो, तर अचेल तेस्तो (पढ्ने प्रचलन) कतै पनि पाइँदैन, सर्वत्र जसरी भए पनि परीक्षा उत्तीर्ण गरेर माथिल्लो कक्षा मा चढ्ने मात्र लक्ष्य देखिन्छ । मलाई लाग्छ एस कारण ले पनि मँ जस्ता जिज्ञासु प्रवृत्ति का तर सीधा सादा विद्यार्थी हरू विफल हुने गर्छन् ॥८८॥

त्यक्त्वा गृहे त्वपठितावनुजौ निरीहौ

घासे नियोज्य भगिनीरकृताक्षरास्तु ।

योऽत्रागतोऽस्ति पठितुं स्वयमेक एव

तं स्वार्थिनं किमु भवान् करूणां करोति ? ॥८९॥

हे प्रभु ! हुनत जसले अपठित र निरीह आफ्ना दुई भाई लाई घर मै छोडेर अनि निरक्षर बहिनी हरू लाई घाँस काट्ने काम मा लगाएर एति टाढा आइपुगेको छ, हे प्रभु ! तेस्तो स्वार्थी मलाई पनि के हजूर बाट करूणा हुनु उचित होला र ? ॥८९॥

दूरे प्रयातुमपि वाञ्छति ज्ञानलोभात्

दूराद् गृहं स्मरति रोदिति मातुरर्थे ।

रोगेऽपि तिक्तरसमौषधमत्ति नैव

शान्तं मनोऽस्य रचितं भवता कथं न ॥९०॥

हे प्रभु ! ज्ञानवर्धक शास्त्र हरू पढ्ने लोभ गरेर जुन मान्छे आफ्नो जन्मभूमि देखि टाढा जान पनि खोज्छ र टाढा पुगेर फेरि घर परिवार र विशेष गरी आमा लाई सम्झेर रोइरहन्छ, अनि रोग लागेका बेला मा वैद्य ले दिएको औषधि लाई तीतो भनेर खाँदैन र रोग बल्झाउन पुग्छ । एति अव्यवस्थित मान्छे ले दुःख नपाए कसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पो पाउने हो र प्रभु ? हे प्रभु ! हजूर ले जन्म दिंदा एस अदना को मन लाई किन एति अशान्त बनाइदिनु भएको होला ? ||९०||

प्रायो व्रजामि यदि नाटकमञ्चभूमिम्

हृष्टो भवामि यदि चित्रचलं विलोक्य ।

संस्मृत्य रौमि यदि चेत् स्वजनं गृहस्थं

किं कृष्ण ! नैष भवता रचितः स्वभावः ॥९१॥

हे प्रभु ! यदि मँ पढ्न छोडेर धेरै जसो नाटक मञ्चन हुने ठाउँ हरू मा पुगिरहन्छू अथवा चलचित्र मा मख्ख पर्छू भने अथवा सुदूर घर मा भएका आफना माता-पिता र भाई-बहिनी आदि लाई बारम्बार सम्झेर आँशु बगाइरहन्छू भने अवश्य पनि यो त आफ्नै कमजोर स्वभाव का कारण ले नै हो । एसरी जुन स्वभाव वा बानी का कारण ले यो सब भइरहेको छ के यो आत्तिने स्वभाव पनि हजूर ले नै रचना गरिदिएको हैन र ? ||९१||

यद्यत् करोति मनुजः खलु तत्समस्तं

नाथ त्वयैव विहितं भवतीह किं वा ?

किं वा नरः प्रकुरूते स्वयमेव सर्वम्

किं सत्यमत्र न हि वेत्ति ममाल्पबुद्धिः ॥९२॥

हुन त हे भगवन् ! मनुष्य ले याहाँ जे जे गर्दछ त्यो सबै हजूर कै प्रेरणा बाट गर्छ कि अथवा मनुष्य ले आँफै नै सबै कुरा गर्छ र तेसमा हजूर को कुनै सहभागिता हुँदैन ? यी दुई कुरा मा यथार्थ सत्य कुन चाहिं कुरा होला ? एस विषय मा मेरो अल्प बुद्धि ले कुनै टुंगो गर्न सकिरहेको छैन ||९२||

ज्ञेयं कथं जगदिदं भगवन्ननन्त

ज्ञात्वाऽपि किं भवति खिन्नमतिर्नजाने ।

हे नाथ ! कोऽस्य जगतः परिचालकोऽस्ति

प्रारब्धशब्दविदितोऽप्यथवा प्रभुर्मे ? ॥९३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे अनन्त भगवन् ! मानिस हरू प्रारब्ध का कुरा गर्छन्, तर यो संसार लाई कसरी बुझ्ने हो ? अनि फेरि बुझेर पनि के उपलब्धि हुने हो ? पूरै चेतना खिन्न बनेको मँ एस विषय मा केही पनि जान्दिनँ । हे प्रभु ! एस संसार को परिचालक को हो ? प्रारब्ध भनेर चिनिने अप्रिय तत्त्व हो कि परम प्रिय मेरो भक्तवत्सल प्रभु स्वयं श्रीकृष्ण नै हो ? ॥९३॥

निष्कामकर्म कुरूतेति तु यस्य शिक्षा

आसक्तिवर्जितमनः प्रति प्रेरणा च ।

तेनैव याचयति मूढतमः परीक्षाम्

उत्तारयेति भगवन् किमिदं न पापम् ? ॥९४॥

हे प्रभु ! जुन हजूर बाट निष्काम कर्म गर भनेर शिक्षा भएको छ र मन लाई आसक्ति रहित बनाउन पनि प्रेरणा दिनु भएको छ, उनै महान् परमेश्वर सँग यो मूढ बालक "हे भगवन् ! मलाई एस परीक्षा बाट पार लगाइदिनुहोस्" भनेर एसरी निर्लज्जता का साथ याचना गरिरहेछ । अहो यो कस्तो अनर्थ भइरहेछ ! वास्तव मा के यो कार्य घोर पाप होइन र प्रभु ? ॥९४॥

तप्तं तपो विविधलोकशिशिक्षणाय

सर्वेश्वरेण विभुनेति वदन्ति वृद्धाः ।

क्षुद्रस्त्वयं वदति कृष्ण विनाप्यधीति

मग्रस्थलं वितर मे पुरूषोत्तमेति ॥९५॥

स्वयं भगवान् सर्वेश्वर प्रभु ले विभिन्न प्राणी लाई शिक्षा दिन का खातिर स्वयं ले नै ठूलो तपस्या गर्नु भएको थियो भनेर बूढा पाका हरू बताउँछन् । तर आज यो क्षुद्र प्राणी भने आफू ले राम्ररी पढ्दै नपढी "हे पुरूषोत्तम भगवान् ! मलाई कृपा गरेर प्रथम स्थान दिलाइदिनु होस्" भनी बारम्बार कराइरहेछ, अहो कस्तो विडम्बना ! ॥९५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सान्दीपनेर् गुरूकुले भगवान् स्वयं च
जग्राह लोकविधिना सकला हि शिक्षाः।
धिङ् मे मनो नियमतोऽध्ययनं विनैव
वैदुष्यमिच्छुकमतीव शठं प्रमादि ॥९६॥

स्वयं भगवान् हजूर ले पनि सान्दीपनि गुरु का घर मा गएर सामान्य मानिस हरू सरह कर्मठ विद्यार्थी का रूप मा शिक्षा लिनु भएको थियो भने मँ क्षुद्र प्राणी ले नियमपूर्वक अध्ययनै नगरी कन विद्वान् बन्ने लालसा राखिरहेछू । अहो एस्तो लोभ गर्न सकेको हो त भगवन् ! यो त मेरो यो मन को शठता र प्रमाद नै हो ॥९६॥

नग्नाश्चरन्ति कतिशो व्रजवीथिकासु
मग्ना भवन्ति कतिशः कणखण्डिकासु ।
किं दिव्यमस्ति विदुषां सुखमत्र भिन्नम्
दीर्घं लपामि विलपामि विभो किमर्थम् ? ॥९७॥

अहो संसार कस्तो छ कति मानिस व्रज का साना साना गल्ली मा नांगै घुमिरहेका देखिन्छन्, कति मानिस एक, दुई मूठी कनिका मै पनि मग्न बनेका देखिन्छन् । यो के अचम्म हो ? एसमा के तेस्तो दिव्यता छ ? मँ किन बेकार एसरी चिन्ता लिएर नाना भाँती प्रलाप गरिरहेछू ? हे भगवन् ! मँ किन एति विधि व्याकुल बनिरहेको छू ? ॥९७॥

प्रोक्तं पुरा नृपतिना कुलमण्डनेन
राज्यश्रिया विपुलया परिपूरितेन ।
संसारसागरनिमग्नमतीव दीन-
मुद्धर्तुमर्हसि हरे पुरूषोत्तमेति ॥९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे प्रभु मैले कतै सुनेको छू कि पहिले कुलमण्डन नाम गरेका अत्यन्त प्रतापी तथा पर्याप्त धन वैभव ले सम्पन्न राजा थिए, तिनले समेत प्रभु सँग "हे पुरुषोत्तम भगवान् ! मँ संसाररूपी दुःख को सागर मा डुबेर ठूलो विपत्ति भोगिरहेछू, कृपया एस दयनीय स्थिति मा परेको मेरो उद्धार गरिदिनु होस्" भनेर हजूर सँग पुकार गरेका थिए । अर्थात् राजा को तेस व्याकुलता ले नै साँसारिक पदलिप्सा को महत्त्व व्यर्थै रहेछ भन्ने दृष्टान्त देखाई राखेको छैन र प्रभु ! ॥९८॥

एतेन वेद्मि भगवन् न सुखं नृपत्वम्

राज्यश्रियं च विभवश्च नवांगनाश्च ।

राजाऽपि तुष्यति न चेत् वद मां कृपालो

विप्रा चरन्ति मखकर्म विभो किमर्थम् ॥९९॥

हे करुणानिधान ! महाराज कुलमण्डन को उक्त अनुभव ले मँ पनि के बुझ्न सक्छू भने राजपद को ऐश्वर्य, वैभव तथा नवयौवना सुन्दरी स्त्री हरू यी कुनै पनि सुखदायक कुरा होइन रहेछन् । जुन संसारसुख ले राजा हरू पनि सन्तुष्ट हुन सक्दैनन् भने यज्ञपुरोहित हरू के पाउन का निम्ति ठूला ठूला यज्ञ हरू को आयोजन गर्दछन् होला ? त्यो त मेरा निम्ति झन् बुझिनसक्नु छ ॥९९॥

सत्यं यदस्तु सकलं यदि वेदितव्यं

जानातु विश्वरचनानिपुणः परेशः ।

यद्वा न वेद्यमथवाऽस्त्यपरं हि तत्त्वम्

मूढोऽस्म्यहन्तु भगवन् शरणं प्रपद्ये ॥ १००॥

एस्ता तर्कना को उत्तर जे होस्, मलाई के लाग्छ भने यदि जान्नै पर्ने हो भने त्यो उनै संसार को निर्माण मा कुशल भगवान् स्वयं ले जान्नु हुनेछ । अथवा जान्नै पर्ने होइन भने के चाहियो र ? अथवा अझै मुख्य कुरा अर्कै पो छ कि ? मँ मूढ अदना ले के जान्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्छू र ? हे प्रभु मँ त केवल हजूर का शरण मा पर्न मात्र जान्दछू ।।१००।।

समीपेऽपि सुदूरेऽपि परोक्षे निकटेऽपि च ।

यो मामवति तं वन्दे महान्तमभिभावकम् ॥१०१॥

मँ भगवान् का समीप मै छू भन्ने महसूस गर्दा होस् वा भगवान् मँ भन्दा धेरै टाढा परमधाम (गोलोक मा) हुनुहुन्छ, मँ उहाँ भन्दा निक्कै पर छू भन्ने महसूस गर्दा होस् अथवा मँ जस्तो सुकै भावना लिऊँ वा मेरो स्तर जुन सुकै अवस्था को होस्, तेसको परवाह नगरी जुन कृपालु परमात्मा ले मेरो अहर्निश रक्षा गरिरहनु हुन्छ, तेस्ता मेरा महान् अभिभावक प्रभु लाई मँ अभिवादन गर्दछू ।।१०१।।

अथ येन मनुष्यत्वं सजला वसुधाऽर्पिता ।

अग्निर्वायुश्च खं दत्तं तस्मै कृपालवे नमः ॥१०२॥

जुन भगवान् ले मलाई दुर्लभ मनुष्य चोला प्रदान गर्नुभयो, अनि पिउने पानी सहित को एति सुन्दर पृथिवी प्रदान गर्नु भयो, सूर्य र अग्नि मार्फत ताप प्रदान गर्नुभयो र प्राणशक्ति ले युक्त हावा प्रदान गर्नु भयो अनि विशाल आकाश पनि प्रदान गर्नु भयो । एस्ता करुणामय सबै का अभिभावक प्रभु लाई मँ पुनः पुनः अभिवादन गर्दछू ।।१०२।।

।। इति शरणागतिशतकम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णवन्दना

दुर्जना जन्मनः पूर्वमपि यस्माच्चकम्पिरे ।

यो गर्भ एव कारास्थस्तं भ्रूणं प्रणमाम्यहम् ॥१॥

मँ तेस गर्भ लाई अभिवादन गर्दछू, जुन गर्भ ले जनविरोधी शासक हरू लाई जन्मनु अगाडी नै थर्कमान बनाई दिएको थियो र ती जनविरोधी शासक हरू का कारण जुन महान व्यक्ति गर्भावस्था मै कारागार मा थुनिएको (अद्‌भुत घटना घटित भएको) थियो ॥१॥

शैशवेऽपि हता येन बहवो जनशत्रवः ।

दीनाः संरक्षिता दुःखात् तं वन्दे वीरबालकम् ॥२॥

मँ तेस वीर बालक लाई अभिवादन गर्दछू, जुन वीर बालक ले शैशव अवस्था मै अनेकौं जनशत्रु हरु (पूतना प्रभृति) लाई मारेको थियो र दीन दुःखी हरु लाई दुःख बाट जोगाएको थियो ॥२॥

पृष्ठे यस्य गवां घासो हस्ते लकुटिका तथा ।

ललाटे स्वेदमालाऽभूत् तं वन्दे श्रमजीविनम् ॥३॥

मँ तेस श्रमजीवी लाई वन्दना गर्दछू, जुन श्रमजीवी को पिठ्यूँ मा गाई को घाँस, हात मा सानो लौरी र निधार मा पसीना का थोपा हरु को पंक्ति शोभायमान भइरहन्थ्यो ॥३॥

वाद्यं मुरलिका पक्षि-पिच्छलं मुकुटं तथा ।

पादुका शुष्क-काष्ठं च तं सौम्यं युवकं नुमः ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मँ तेस सादा जीवन भएको नवयुवक लाई नमन गर्दछू, कि जुन नवयुवक को बाजा बाँस को मुरली छ अर्थात् कुनै तडक भडक लाग्ने महगो वाद्ययन्त्र छैन, अनि जसको मुकुट मुजूर को साधारण प्वाँख बाट मात्र बनेको छ अर्थात् हीरा मोती आदि जडिएको छैन र जसका गोडा मा साधारण काठ का चप्पल मात्र छन् ।।४।।

इन्द्रार्चनाद् वरं येन कृतं गोवर्धनार्चनम् ।

कर्मयोगो वृतो येन तं वन्दे क्रान्तिकारिणम् ॥५॥

मँ त्यो क्रान्तिकारी कृष्ण लाई वन्दना गर्दछू कि जसले स्वर्ग का वैभवशाली देवराज इन्द्र को पूजा गर्ने परम्परा लाई परिवर्तित गरेर तेस का ठाउँ मा सर्वसाधारण ले घाँस दाउरा गर्ने र गाई वस्तु चराउने गोवर्धन पर्वत को पूजा गर्ने अर्थात् वातावरण प्रति सजग परम्परा बसालेको थियो ।।५।।

यं दृष्ट्वा ललनाः किन्नु मुमुहुः पुरूषा अपि ।

तिर्यञ्च उद्भिदश्चैव तं वन्दे विश्वसुन्दरम् ॥६॥

मँ त्यो विश्वसुन्दर विभूति लाई अभिवादन गर्दछू, जसलाई देखेर युवती स्त्री हरु को कुरै नगरौं ? पुरूष हरु नै पनि मोहित भएका थिए, पशु पन्छी हरु पनि लट्ठिएका थिए र याहाँ सम्म कि बोट विरूवा र लहरा पात समेत मुग्ध बनेका थिए ।।६।।

तं सत्याग्रहिणं वन्दे येन गोकुलगोरसम् ।

राज्यकरान्मोचयितुं गोपमार्गो निरोधितः ॥७॥

मँ तेस सत्याग्रही लाई वन्दना गर्दछू, जसले गोकुल-वृन्दावन का गाई भैसी को दूध, दही र घ्यू माथी कंस ले लगाएको राज्यकर को भार बाट जनता लाई मुक्त गराउन कलीलै उमेर मा साहसिलो सत्याग्रह गरेका थिए (र कंस को प्रशासन लाई कर खारेज गर्न विवश तुल्याएका थिए) ।।७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथिव्यां स्थापितं येन पुण्यं गोधनगौरवम् ।

गोपालवसतौ गत्वा तं नौमि लोकनायकम् ॥८॥

मँ ती लोकनायक गोपकुमार लाई नमन गर्दछू, जो गोपकुमार भएर पनि आफ्नो युग मा महान् लोकनायक बन्न सफल भएका थिए अनि मँ ती गाईगोठाला लाई प्रणाम गर्दछू, जसले एस संसार मा गौस्पी सम्पदा लाई सम्मान का साथ स्थापित गरेका थिए, गाई को सम्मान बढाएका थिए ॥८॥

दुर्जनो मारितो येन स्वकुटुम्बोऽपि मातुलः ।

पराऽप्युद्धरिता कुब्जा तं वन्दे समदर्शिनम् ॥९॥

मँ ती समदर्शी व्यक्तित्व लाई अभिवादन गर्दछू, जसले दुनियाँ लाई सताउने दुर्जन कंस लाई आफ्नै मामा भए तापनि मारेका थिए र कुनै नाता नपर्ने कुब्जा नामक कंसदासी लाई ऊ असल भएका कारण दयनीय अवस्था बाट उद्धार गराएका थिए अर्थात् दुष्ट भए मा आफन्तै भए पनि उसलाई दण्ड दिने र असल भए मा पराई भए पनि सहयोग गर्ने आदर्श स्थापित गरेका थिए ॥८॥

तं महात्यागिनं वन्दे प्राप्तां राज्यश्रियं हि यः ।

ददौ वस्त्विव सामान्यमुग्रसेनाय निस्पृहः ॥१०॥

मँ ती महात्यागी श्रीकृष्ण लाई प्रणाम गर्दछू, जसले कंस को वध पश्चात् आफ्नै हात मा आएको यादव हरू को विशाल साम्राज्य लाई एउटा समान्य वस्तु अर्थात् तृण बराबर मानेर निःस्पृह भाव का साथ धर्मात्मा उग्रसेन लाई सौंपेका थिए ॥१०॥

कुरू-पाण्डवमेलाय सन्देशमुभयोर्ददन् ।

येन प्रयतिता शान्तिः शान्तिदूतं नमामि तम् ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मँ ती शान्तिदूत श्रीकृष्ण लाई नमन गर्दछू, जसले शीत युद्ध मा पिल्सिरहेका कौरव र पाण्डव बीच मेल मिलाप स्थापित गरेर शान्ति स्थापना गर्ने सत्प्रयास गरेका थिए ॥११॥

राजभोगं परित्यज्य दाशस्य विदुरस्य यः ।

गृहातिथिरभून्नौमि तं श्रद्धातत्त्ववेदिनम् ॥१२॥

मँ ती श्रद्धा को महत्त्व बुझ्ने श्रीकृष्ण लाई अभिवादन गर्दछू, जसले हस्तिनापुर दरबार मा तडक भडक का साथ आयोजित राजकीय भोज लाई परित्याग गरेर दाशीपुत्र भनेर हेला गरिएका विदुर को घर मा गएर आतिथ्य ग्रहण गर्ने निर्णय लिएका थिए ॥१२॥

अर्जुनभ्रान्तिनाशाय विश्वकल्याणहेतवे ।

येन गीता स्वयं गीता तं नमामि जगद्गुरूम् ॥१३॥

मँ ती जगद्गुरू श्रीकृष्ण लाई अभिवादन गर्दछू, जसले अर्जुन को भ्रान्ति हटाउन का निम्ति र समग्र संसार को कल्याण का निम्ति भगवद्गीता जस्तो उच्च कोटि को ज्ञानप्रसंग स्वयं कै श्रीमुख बाट सुनाएका थिए ॥१३॥

सामन्तभौमकाराभ्यो येन नार्यः सहस्रशः ।

मोचिता नौमि तं वीरं पीडितोद्धारतत्परम् ॥१४॥

मँ ती पीडित हरु का उद्धारक श्रीकृष्ण लाई अभिवादन गर्दछू, जसले महासामन्त भौमासुर नामक दुष्ट को कारागार को ताला तोडेर त्याहाँ उसले बन्दी बनाएर राखेका हजारौं नारी हरु लाई उद्धार गरेका थिए ॥१३॥

वेदे वेदाङ्गके नीतौ राजनीतौ कलासु च ।

चूडान्तं यस्य विज्ञानं तं विद्वांसं नमाम्यहम् ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेद, वेदान्त, नीतिशास्त्र, राजनीति र विविध कला साहित्य मा जसको ज्ञान अन्तस्तल सम्म परिपूर्ण थियो, तेस्ता परम विद्वान् आदरणीय श्रीकृष्ण लाई मँ अभिवादन गर्दछू ।।१५।।

वन्योऽपि राजनीतिज्ञो श्यामवर्णोऽपि मोहनः ।

युवा यः शतवर्षोऽपि तं दिव्यं पुरूषं नुमः ॥१६॥

मँ ती दिव्य व्यक्तित्व लाई प्रणमन गर्दछू, जो श्याम वर्ण को भएर पनि विश्व लाई नै मोहित तुल्याउने गरी परम सुन्दर हुनु हुन्थ्यो र जो शय वर्ष को उमेर मा पनि नवयुवा नै देखिनु हुन्थ्यो ।।१६।।

असिंहासनराजन्यमनस्त्रहतकौरवम् ।

लोकमुक्तिप्रदातारं कारागृहजनिं नुमः ॥१७॥

मँ पुनः तेस व्यक्तित्व लाई नमन गर्दछू जुन व्यक्तित्व ले राजसिंहासन स्वीकार नगर्दा नगर्दै पनि सबै का हृदय को राजा बनेको थियो अर्थात् अत्यन्त सम्मानित र लोकप्रिय थियो । अनि जुन व्यक्तित्व आँफू कारागार मा जन्मेर पनि मानव मात्र को मुक्तिदाता ठहरियो ।।१७।।

येन दिव्यं तपस्तप्तं गण्डकीतटिनीतटे ।

हिमवन्निकटे वन्दे वृन्दारकप्रियं प्रभुम् ॥१८॥

मँ पुनः ती महाप्रभु लाई नमन गर्दछू, जसले गण्डकी नदी को पवित्र तट मा हिमालय को निकट मा बसेर दिव्य तपस्या गर्नु भएको थियो र जुन मेरा प्रिय भगवान् वृन्दारक अर्थात् ज्ञानवान् र श्रेष्ठ शील भएका व्यक्ति हरु का परम प्रिय हुनुहुन्थ्यो ।।१८।।

राजसूये वृतो येन विप्रपादाभिषेचनम् ।

युद्धे सारथिकार्यं च तं साक्षाद् विनयं नुमः ॥१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मँ पुनः ती विनय का साक्षात् मूर्ति लाई नमन गर्दछू, जसले युधिष्ठिर को राजसूय यज्ञ मा आमन्त्रित ब्राह्मण हरु को पाउ धुने काम गर्नु भएको थियो र महाभारत युद्ध मा महारथी जस्तो उच्च पद को सट्टा सारथि जस्तो सामान्य पद स्वीकार गर्नु भएको थियो ॥१९॥

गीते वाद्ये च नृत्ये च सभासम्बोधनेऽपि च ।

युद्धे योगे च भोगे च विख्यातं पुरूषं नुमः ॥२०॥

मँ पुनः ती विश्वविख्यात महापुरूष लाई नमन गर्दछू, जो गीत गाउन मा पनि सर्वश्रेष्ठ थिए, नृत्यकला मा पनि अद्वितीय थिए र ठूला ठूला सभा-गोष्ठी हरु मा भाषण गर्न पनि अग्रगण्य थिए र महायुद्ध मा भिड्ने क्षमता मा पनि अब्बल दर्जा का भनेर संसार मै प्रतिष्ठित बनेका थिए ॥२०॥

गते पञ्चसहस्राब्देऽपि यो नास्ति पुरातनः ।

अथवाऽद्यापि यो नेता तं सदा नूतनं नुमः ॥२१॥

मँ ती नित्य नूतन महाविभूति लाई नमन गर्दछू जो पाँच हजार वर्ष बितिसक्दा पनि सधैं तरो ताजा छन्, कत्ति पुरानिएका छैनन्, अथवा जुन विभूति आज को विश्व का निम्ति पनि उत्तिकै पथप्रदर्शक छन् ॥२१॥

॥ शैलसरिता बाट ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रन्थकार श्री उपाध्याय का संस्कृत कृति हरू

१. **श्रीनिम्बार्क चरितम्**– द्वैताद्वैत वेदान्त-दर्शन का प्रतिपादक जगद्गुरू श्रीनिम्बार्काचार्य को जीवनी मा आधारित संस्कृत खण्डकाव्य (प्रथम प्रकाशन श्रीनिम्बार्क महाविद्यालय बाट २०१५ साल) अखिलभारतीय संस्कृत पुरस्कार प्राप्त ।

२. **शरणागति-शतकम्**- सुललित वसन्ततिलका छन्द मा विरचित भक्तिरसमय श्रीकृष्ण-प्रार्थना (स्तवकाव्य) प्रथम संस्करण वि.सं. २०१८ मा मूल मात्र र २०७८ मा दोसरो संस्करण नेपाली अनुवाद सहित प्रस्तुत ।

३. **महाभारत सूक्तिसुधा**- संस्कृत महाभारत बाट १५०० श्लोक छानेर संकलित गरी तिनलाई नेपाली समछन्द मा अनुवाद गरिएको तथा विस्तृत भूमिका र कथासार समेत भएको अनुपम कृति । प्रथम संस्करण प्रज्ञा प्रतिष्ठान बाट विसं. २०२६ मा र द्वितीय संस्करण सर्वज्ञ पब्लिकेशन बाट २०६५ मा प्रकाशित, तृतीय संस्करण प्रकाशोन्मुख ।

४. **शैलसरिता**- कविकृत फुटकर संस्कृत कविता हरु को संकलन । प्रथम संस्करण पुष्कर प्रकाशन पोखरा बाट वि.सं २०३७ मा प्रकाशित, द्वितीय संस्करण प्रेस मा ।

५. **व्याकरण विज्ञानम्**- नागरीलिपि मा लेखिने विभिन्न आर्यभाषा हरु लाई समेत सगाउने गरी अष्टाध्यायी-शैली मा संस्कृत मा विरचित नेपाली व्याकरण प्रकाशोन्मुख ।

६. **व्यासावतरणम्**- महर्षि वेदव्यास को जीवनवृत्त मा आधारित संस्कृत महाकाव्य प्रकाशोन्मुख । इत्यादि विविध ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवाद मा अपनाइएको नेपाली हिज्जे

प्रस्तुत कृति मा कृतिकार कविवर श्री उपाध्याय को भाषा नीति नै व्यावहारिक लागेर तेसलाई अपनाइएको छ । सरकारी हिज्जे नीति सँग कृतिकार असहमत हुनुहुन्छ । वाहाँ द्वारा प्रस्तावित हिज्जे एस प्रकार छ–

१. तत्सम, आगन्तुक र तद्भव शब्द लाई विश्वप्रचलन अनुरूप लेख्ने । जस्तै- शिव, शंकर, ऋषि, कृषि, सेना, सेवा, शहर, शहीद, जोश, होश, बीच, बीस, तीस, तीज, चीज, ठीक, फूल, भूल, नून, सून, बीस, तीस, रूट, लूट, भूटान, यूनान, ठूलो, धूलो, लूलो, चूलो, नमूना आदि ।

२. सर्वनाम शब्द हरू लाई नेपाली उच्चारण अनुसारै लेख्ने । जस्तै- एस, तेस, एता, तेता, इनी, इनै, एही, तेही, एसरी, तेसरी आदि । यस, त्यस लाई एस र तेस बाट छन्द मिलाउन अपठ्यारो पर्दा मात्र प्रयोग गर्ने ।

३. विभक्ति का हक मा सर्वनाम मा जोडेरै लेख्ने । जस्तै– मैले, तैंले, मलाई, तँलाइ, मेरो, तेरो, एसले, तेसले आदि । अन्यत्र पृथक् लेख्ने । जस्तै– पोखरा बाट, धरान को, कतार तिर, भोजपुर मा, गान्तोक तर्फ, ईश्वर विना, देश बाहिर, गोहाटी देखि, हिमाल तिर, शिलाङ सम्म आदि ।

४. तत्सम इतर मा पनि सकभर संस्कृत वर्ण को प्रयोग लाई नछोड्ने । जस्तै– दश, दशैं, शिर, शिरानी, दशौं, वर्षेनी, वर्षौं, वर्षाउनु, दर्शाउनु, दर्शिनु, शयौं, आँशू, गणेश, कर्णेल, कमिश्नर र मुश्किल आदि ।

५. षडक्षरी (ङ,ञ,ण,श,ष,स) वर्ण लाई संयुक्त रूप मा लेख्दा पनि पाणिनि पद्धति लाई सकभर नछोड्ने । जस्तै- पञ्जा, गञ्जी, झण्डा, पाण्डे, सेण्टर, क्रिश्चियन, पाश्चर, एभरेष्ट, मिष्टर, दस्तूर र मिस्त्री आदि । ङकार लाई भने कि अङ्क, अङ्ग मा झैं संयुक्ताक्षर को प्रयोग गर्ने कि शिरबिन्दु दिने ।

ooooo

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुकुन्दशरण उपाध्याय का प्रकाशित कृति हरू

- श्रीनिम्बार्कचरितम् (काव्य)
- प्राकृत पोखरा (काव्य)
- धरती र आकाश (कविता संग्रह)
- शैलसरिता (कविता संग्रह)
- प्रस्तावना र विवेचना (भाषा र व्याकरण)
- सरल नेपाली शुद्ध नेपाली (भाषा र व्याकरण)
- अक्षरप्रज्ञा (व्याकरण सूत्रावली)
- महाभारत सूक्तिसुधा
- पद्यभाषा व्याकरण १

अप्रकाशित कृति हरू

- नेपाली महाकाव्य १
- नेपाली र संस्कृत खण्डकाव्य हरू ३
- शब्द सम्पदा (अमरकोश शैली मा नेपाली शब्दकोश) १
- भाषाभारती (पद्यमय भाषाशास्त्र) १
- नेपाली संस्कृत शब्दकोश १
- सनातन सौरभ १
- पुराण वाङ्मय संहिता इत्यादि

प्रकाशक:
सनातन प्रेस
बानेश्वर, काठमाडौं

मूल्य रू. १५०/-

Jayatu Sanskritam, Kathmandu, Nepal